म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १२६ सोमबार, ७ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 22 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## २४० किलो चरेससहित थाहाका दुईजना पर्साबाट पक्राउ

हेटौंडा, ६ पुस/पर्सा प्रहरीले २४० किलो प्रतिबन्धित लागुऔषध चरेससहित दुई युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा ना.३ ख ५०९३ नम्बरको ट्रकचालक मकवानपुरको थाहा नगरपालिका-११ का २९ वर्षीय सरोज मोक्तान र सोही ठाउँका २१ वर्षीय नवराज लो रहेको प्रहरीले जनाएको छ ।

प्रहरीकाअनुसार शनिबार साँझ साढे ७ बजेको समयमा वीरगन्ज महानगरपालिका-२२, जगरनाथपुर ढाटअगाडिबाट उनीहरुलई पक्राउ गरिएको हो । पर्सा प्रहरीका सूचनाअधिकारी प्रहरी नायवउपरीक्षक राजु कार्कीका अनुसार विशेष सूचनाको आधारमा ट्रकलाई चेकजाँच गर्दा फल्स बटम बनाई लुकाएको २४० किलो चरेस बरामद भएको हो । उनीहरुलाई हिरासतमा राखेर थप अनुसन्धान भइरहेको कार्कीले बताए ।

### कैलाशका प्रजा दम्पत्तीलाई घरसँगै जीविकोपार्जनका लागि नगद २० हजार प्रदान

# कानुन नै बनाएर गाँजा खेतीलाई वैद्यता दिनुपर्छः मुख्यमन्त्री बानियाँ

मनिल महतो

हेटौंडा, ६ पुस/बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको आर्थिक सहयोगमा कैलाश गाँउपालिका-४ धुसराङका लालकुमार प्रजाका लागि निर्माण गरिएको घर हस्तान्तरण गरिएको छ ।

मुख्यमन्त्रीको पदभार ग्रहण गरेलगत्तै आफ्नो निर्वाचन क्षेत्रका अति विपन्न परिवारको घर निर्माण गर्ने घोषणा गरेका मुख्यमन्त्री बानियाँले आइतबार प्रजा दम्पत्तीको लागि सुरक्षित आवास निर्माण गरी हस्तान्तरण गरेका हुन् । यसअघि उनले मनहरी गाउँपालिका-९ ज्यामिरेकी विपन्न दलित महिला मिठुमाया सुनारलाई पनि घर हस्तान्तरण गरेका थिए । करिब ८ लाख रुपैयाँको लागतमा तीन कोठे जस्तापाता र ब्लकको घर तथा शौचालयसमेत निर्माण गरी बिपन्न प्रजादम्पतीलाई हस्तान्तरण गरिएको हो ।




मुख्यमन्त्री बानियाँले आफ्नो सेवासुविधावापतको रकमबाट सुरक्षित आवास निर्माण गरेका हुन् । सन्तान विहीन प्रजादम्पतीको जीविकोपार्जनमा सहयोग पुग्ने गरी २० हजार रुपैयाँ नगदसमेत प्रदान गरेका छन् । लालकुमार प्रजा लामो समयदेखि आफ्नै जग्गामा खरको छानो र काठपातले बेरिएको जीर्ण घरमा बस्दै आएका थिए ।

पचास वर्षीय लालकुमार विगत लामो समयदेखि जीर्ण र असुरक्षित घरमा बस्दै आएका थिए । सानै उमेरमा हात जलेर सानुमाया आंशिक अपाङ्ग छिन् । दुई कठ्ठा नम्बरी र झण्डै चार कठ्ठा ऐलानी जग्गा छ तर, आर्थिक अभावका कारण उनीहरु सुरक्षित घर निर्माण गर्न असमर्थ थिए । कमजोर आर्थिक अवस्थाका कारण घर मर्मत गर्न समेत नसक्ने अवस्थाका प्रजा दम्पती घर पाउँदा खुशी भएका छन् ।

**अति विपन्न समुदायको लागि प्रदेश सरकारले १ हजार घर बनाउछः मुख्यमन्त्री बानियाँ**

घर हस्तान्तरण गर्दै मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले अति विपन्न समुदायको लागि प्रदेश सरकारले १ हजार घर बनाउने बताए । कार्यविधि नै बनाएर गरिब, दलित, सीमान्कृत, चेपाङलगायत अतिविपन्न समुदायको उचित बासस्थानको लागि एक हजार घर बनाउने नीति सरकारले बनाउने उनले बताए । मुख्यमन्त्री बानियाँले यसैवर्ष जति सकिन्छ, त्यति घर बनाएर हस्तान्तरण गर्ने बताए । घरसँगै जीविकोपार्जनको लागि स्थानीय तहसँग समन्वय गरेर दुई लाख रुपैयाँसम्म रकम किस्ताबन्दीमा उपलब्ध गराउने योजना अघि बढाएको उनले उल्लेख गरे । उनका अनुसार पहिलो चरणमा प्रदेशको १३ जिल्लामा ५०-५० घर बनाएर हस्तान्तरण गरिनेछ ।

मुख्यमन्त्री बानियाँले राजनीतिक अवस्था परिवर्तन पछि जनताको अवस्था परिवर्तन गर्न आफूहरुले राजनीति गरेको बताए । उनले कैलाश गाउँपालिकामा शिक्षा, स्वास्थ्यदेखि सडक पूर्वाधारको विकासमा आफू प्रतिबद्ध रहेको दाबी गरे । मुख्यमन्त्री बानियाँले जनतालाई दु:ख दिनु सरकारको धर्म नभएको बताए । उनले भने 'गरिब निमुखालाई गाँस, बास, कपासको व्यवस्था गरिदिने सरकारको दायित्व हो । उनीहरुलाई आयआर्जनसँग जोडेर गरिखान सक्षम बनाउनु सरकारको जिम्मेवारी हो । मागीखाने र ठगीखाने प्रथा अन्त्य गर्दै गरीखाने बनाउनु राज्यको धर्म हो । मैले त्यही धर्ममा विश्वास गरेको छु ।'

उनले भने-'पालिकामा बाटोघाटो, शिक्षा र स्वास्थ्यसेवाको पहुँच उत्तिकै कम छ । अब पालिकाले स्वास्थ्यचौकी भवन निर्माण सम्पन्न गरेपछि त्यहाँ आवश्यक जनशक्तिका लागि प्रदेश सरकारल समन्वय गर्छ ।' जनतालाई गाँस र बाससँगै गरिखाने बनाउनको लागि सीप र प्रविधि पनि हस्तान्तरण गर्नुपर्ने उनको धारणा छ । मुख्यमन्त्री बानियाँले स्थानीय तहसँगको सहकार्यमा आगामी वर्ष कोदो, मकैको रक्सीलाई वैधानिकता प्रदान गर्ने बताए । मुख्यमन्त्री बानियाँले कानुन बनाएर गाँजाखेतीलाई वैद्यता दिनुपर्ने बताए । माननीयहरुले गाँजाबाट बनेको कोट लगाउन मिल्ने तर, गाउँलेले गाँजाखेती लगाउँदा कारवाही हुनुपर्ने अवस्था रहेको उनले बताए ।

धार्मिकग्रन्थमा गाँजालाई जडिबुटीको रुपमा उल्लेख गरिएपनि राज्यको कानुनले गाँजालाई लागुऔषध भन्ने गरिएको मुख्यमन्त्री बानियाँले बताए । जनतालाई गरि खाने बनाउन पनि कानुन बनाएर गाँजाखेतीलाई व्यवसायिकरुपमा अगाडि बनाउनुपर्नेमा उनले जोड दिए । मुख्यमन्त्री बानियाँले स्थानीय तहको प्रभावकारी निगरानीमा कानुनी दायरमा ल्याउने गरी गाँजाखेतीलाई जनताको उन्नति र प्रगतिसँग जोड्नुपर्ने बताए । प्रजादम्पतीको अवस्थालाई मध्यनजर गर्दै कैलाश गाउँपालिकाले सुरक्षित आवास निर्माणका लागि मुख्यमन्त्री बानियाँ समक्ष सिफारिस गरेको थियो ।

गाउँपालिकाको सिफारिसपछि मुख्यमन्त्री बानियाँले आफूले प्राप्त गर्ने सेवासुविधाको रकमबाट खर्च गर्नेगरी केही महिनाअघि घर निर्माण सुरु गराएका थिए । करिब ८ लाख रुपैयाँ लगानीमा ३ वटा कोठाको जस्ताले छाएको घर र शौचालय निर्माण गरिएको नेपाली काँग्रेस कैलाश गाउँपालिका सभापति राजेन्द्र घिसिङले जानकारी दिए । घर निर्माणसँगै ओढ्ने, ओच्छ्याउने लगायत लत्ताकपडाको व्यवस्थापन कैलाश गाउँपालिकाले गरिदिने गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले उद्घोष गरे । मुख्यमन्त्री बानियाँले राक्सिराङ गाउँपालिका-१ का सुमनसिं प्रजाको घर निर्माणकार्य अन्तिम चरणमा पुगेको जानकारी दिएका छन् । घर हस्तान्तरण कार्यक्रममा नेपाली काँग्रेस मकवानपुरका सभापति बुद्ध लामा लगायतले धन्यवाद मन्तव्य राखेका थिए ।

**मनहरीमा मन्दिरको जीर्णोद्वारका लागि एक महिनाको तलब सहयोग**

मुख्यमन्त्री बानियाँले पश्चिम मकवानपुरको मनहरी गाउँपालिका-७ स्थित मनकामना मन्दिरको जीर्णोद्धारका लागि आर्थिक सहयोग गरेका छन् । बालाचतुर्दशी तिथिमा लागेको मेलामा आएका मुख्यमन्त्री बानियाँले एक महिनाको तलब मनकामना मन्दिरको जीर्णोद्धारका लागि सहयोग गर्ने घोषणा गरेका थिए । सोहीबमोजिम आफूले पाउने सुविधा बापतको रकम ७५ हजार मनकामना सनातन धर्मसंरक्षण संस्थाका अध्यक्ष नारायण सुवेदीलाई हस्तान्तरण गरिएको हो । मुख्यमन्त्री बानियाँले मन्दिरको जीर्णोद्धारसहित अन्य भौतिक सुधारका लागि बागमती प्रदेश सरकारले आवश्यक लगानी गर्ने प्रतिबद्धता व्यक्त गरेको संस्थाका अध्यक्ष सुवेदीले जानकारी दिए ।

# राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघमा प्रचण्ड



साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ मकवानपुरको जिल्ला अधिवेशनबाट अध्यक्षसहित नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ ।

अधिवेशनबाट प्रचण्ड राजथला अध्यक्षमा चयन भएका छन् । वरिष्ठ उपाध्यक्षमा दादालाल नेपाल, उपाध्यक्षमा सञ्चमाया थिङ, सचिवमा मनोहरि नेपाल, कोषाध्यक्षमा सम्झना मोक्तान तथा सहसचिवमा जनार्दन ढकाल चयन भएका छन् । जिल्ला कार्यसमिति सदस्यमा राजेन्द्रप्रसाद उप्रेती, बाबुराम मालाकार, वीरमान वाइबा, रामबहादुर लो र मोहनबहादुर पाण्डे चयन भएका छन् । अधिवेशनलाई सम्बोधन गर्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय नेता तथा मकवानपुर क्षेत्र नम्बर १ का पूर्वसांसद दीपकबहादुर सिंहले मजदुर संगठनकै कारण राप्रपा मकवानपुरमा सशक्त बनेको बताएका छन् ।

'मेरो जिल्लाका मजदुर संगठनले कार्यक्रममार्फत् राप्रपालाई मकवानपुरमा सशक्तरुपमा स्थापित गरेका छन् । हजारौँ मजदुर साथीहरुको निरन्तर योगदानले पार्टीले जनताको विश्वास जित्दै अघि बढ्न सकेको छ, यसमा म गर्व महसुश गर्छु । राप्रपाबाट केही कमजोरी भएका हुनसक्छन् तर, ती दोहोरिन नदिने हाम्रो प्रतिबद्धता छ' सिंहले भने, 'मैले सधैं मकवानपुरका जनताको हितलाई पहिलो प्राथमिकतामा राखें । जनताको मत र विश्वास कहिल्यै बेच्दिनँ भन्ने मेरो कसम आज पनि उस्तै छ । राप्रपा सधैं सुशासन र भ्रष्टाचारविरुद्ध उभिन्छ । गल्ती गर्ने जोकोही भएपनि संरक्षण हुँदैन । हाम्रो मूल मन्त्र स्पष्ट छ पहिलो राष्ट्र, दोस्रो जनता, अनि मात्र पार्टी । यही आधारमा देश पुनर्निर्माण गर्न मजदुर र इमानदार नेतृत्व एकजुट हुनुपर्छ ।'

पूर्वसांसद् सिंहले सुशासन र भ्रष्टाचारविरुद्ध पार्टी सधैं अडिग रहने बताउँदै आगामी दिनमा मजदुरका लागि सहुलियत ऋण र व्यवहारिक कार्यक्रम ल्याइने प्रतिबद्धता जनाए । कार्यक्रममा राप्रपाकी नेतृ अनिशा नेपालीले श्रमिक वर्गलाई सस्तो श्रमको साधनकारुपमा प्रयोग गरिएको आरोप लगाइन् । 'आज श्रमिकलाई कामदारको रुपमा होइन, सस्तो श्रमको साधनका रुपमा प्रयोग गरिएको छ । देशको अर्थतन्त्र श्रमिकको पसिनाले चलेको छ तर, उनीहरुका अधिकार, सुरक्षा र न्यायका सवालमा सरकार गम्भीर हुन सकेको छैन । गलत नीति, कमजोर नेतृत्व र अवसरवादी राजनीतिका कारण श्रमिक वर्ग शोषित हुनुपरेको छ । अब श्रमिक अधिकारको पक्षमा दृढ भएर उभिनु आजको आवश्यकता हो' उनले भनिन् ।

अधिवेशनमा जिल्लाभरका विभिन्न क्षेत्रका श्रमिक प्रतिनिधिको उल्लेखनीय सहभागिता रहेको थियो । नवनिर्वाचित कार्यसमितिले श्रमिकको हक, हित र अधिकारको संरक्षणमा सक्रिय भूमिका खेल्ने जनाएको छ ।

# माल्टा सबस्टेशनबाट ईपाक्षेत्रमा विद्युत वितरण शुभारम्भ



साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/भीमफेदी गाउँपालिका-८ अन्तर्गत ईपाक्षेत्रमा ललितपुरको माल्टास्थित ३३/११ केभी सबस्टेशनबाट विद्युत वितरणकार्य शुभारम्भ गरिएको छ ।

लगनखेल वितरण केन्द्र प्रमुख जयकुमार यादव तथा पालुङ वितरण केन्द्रप्रमुख दीपेन्द्र बुढाथोकीको उपस्थितिमा विद्युत वितरणकार्य औपचारिकरुपमा सुरु गरिएको हो । माल्टा सबस्टेशनबाट विद्युत वितरण सुरु भएसँगै काठमाडौं-तराई मधेश द्रुतमार्ग आसपासका साथै ईपाक्षेत्रका उपभोक्तालाई विद्युत आपूर्तिमा थप सहजता हुने अपेक्षा गरिएको छ । यसले विद्युत आपूर्तिको गुणस्तर सुधार हुनुका साथै लाइन ट्रिपिङ र भोल्टेज समस्यामा पनि कमी आउने बताइएको छ ।

स्थानीय बासिन्दा तथा सरोकारवालाले लामो समयदेखिको माग पूरा भएको भन्दै खुशी व्यक्त गरेका छन् । नयाँ सबस्टेशनबाट वितरण सुरु भएपछि द्रुतमार्ग निर्माणकार्य तथा आसपासका बस्तीमा विद्युत आपूर्ति थप भरपर्दो हुने विश्वास लिइएको छ ।

# युनिभर्सलको 'नयन' प्रोजेक्टले जित्यो चितवनमा पुरस्कार




साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/ चितवनको रत्ननगरमा रहेको न्यू क्यापिटल कलेजले आयोजना गरेको विज्ञान प्रदर्शनीमा पश्चिम मकवानपुरको मनहरी-७ स्थित युनिभर्सल लर्निङ एकेडेमीले पुरस्कार प्राप्त गरेको छ ।

चितवन र मकवानपुरका २८ वटा विद्यालय सहभागी भएको प्रतियोगितामा युनिभर्सल लर्निङ एकेडेमीले तृत्तीय स्थान हासिल गरी नगद ८ हजार रुपैयाँ पुरस्कार र प्रमाणपत्र प्राप्त गरेको हो । कक्षा १० मा अध्ययनरत छात्र सुमित साह, सुविसन प्रजा, अमन राई र छात्रा सुगिसा हेम्जन तथा रन्जिता मुक्तानले तयार पारेको 'नयन' नाम दिइएको प्रदर्शनीलाई रजतजयन्तीमा प्रस्तुत गरिएको थियो । दृष्टि बिहिनलाई हिँड्ने बेलामा अगाडि बाटामा कुनै बस्तु वा अबरोध छ भने त्यसबारे अग्रिम जानकारी गराउने सेन्सरयुक्त डिभाइस विद्यार्थीले बनाएका थिए । जसलाई 'नयन' प्रोजेक्ट भनिएको थियो ।

डिभाइस प्रयोग गर्ने दृष्टिबिहिनले बाटोमा अघि बढ्दा ठोकिन नदिनका लागि अलार्म बजेर अग्रिम जानकारी दिने अवधारणा यो प्रोजेक्टको रहेको युनिभर्सल लर्निङ एकेडेमी विज्ञान विभागले जनाएको छ । न्यू क्यापिटल कलेज स्थापनाको २५ औं वर्षको अबसरमा आयोजित रजतजयन्तीमा विज्ञान प्रदर्शनीसहित विभिन्न कार्यक्रम आयोजना भएको हो । विज्ञान प्रदर्शनी प्रतियोगितामा चितवनको लाइसिएम इन्टरनेशनल मोडल स्कूल प्रथम भई नगद १२ हजारसहित प्रमाणपत्र प्राप्त गर्न सफल भएको थियो । ज्ञानसुधा बोर्डिङ स्कूल द्वितीय स्थान हासिल गरी नगद १० हजारसहित प्रमाण पत्र प्राप्त गर्न सफल भएको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## हाम्रो कुरा

# इम्बोस्ड: अनावश्यक दवाब

भारतको बिहार राज्यबाट नेपाल घुम्न आएका साना सवारी साधनमा लगाइएका ईम्बोस्ड नम्बर प्लेट र नेपालले लगाउन सुरु गरेको नम्बर प्लेट उस्तै छ । झट्ट हेर्दा झुक्किने अवस्था छ । विदेशीको देखासिकीले राष्ट्रियतालाई कति प्रभाव पार्छ भनेर हेर्न टाढा जानु पर्दैन । नेपाललाई बिहार जस्तै बनाउनका लागि इम्बोस्ट नम्बर प्लेट बितरण सुरु गरिएको भनेर आरोप लाग्न थालेको छ । नेपालको आफ्नै मौलिकता थियो । संसारका कुनैपनि देशसँग नेपालको झण्डा मेल खाँदैन । त्यस्तैं सवारी साधनको नम्बर प्लेट पनि मेल खाँदैन थियो । नम्बर प्लेटमा चिप्स राख्नु थियो त नेपाली भाषामा नै नम्बर राख्न सकिन्थ्यो । एकातिर मोटो रकम कमिशन खाने अर्कोतिर देशको मौलिकता नै समाप्त पारेर विदेशीकरण गर्ने तत्वले आज समस्या निम्त्याउँदै छ । लामो समयदेखि विवादको घेरामा रहेको इम्बोस्ड नम्बर प्लेटको शुल्क अस्वाभाविकरुपमा महँगो भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको आन्तरिक अध्ययन समितिले निष्कर्ष निकालेको छ । समितिले सीधै कमिसन खायो भनेर नभनेको भएपनि जडकुरो त्यही हो । मन्त्रालयका सहसचिव कृष्णराज पन्थको संयोजकत्वमा गठित समितिले अध्ययनपछि तयार पारेको प्रतिवेदनले इम्बोस्ड नम्बर प्लेटको मूल्य घटाउन सरकारलाई सुझाव दिएको छ । मूल्य घटाउने होइन ईम्बोस्ड नम्बर प्लेट नै हटाउन पर्छ । ईम्बोस्ड नम्बर प्लेट रिड गर्ने कुनै उपकरण हामीसँग छैन । बिनाअर्थ के का लागि ल्याइयो ? नेपाली समाजमा एउटा उखान छ 'ठाउँ न थर, बुढीको रहर' । इम्बोस्ड नम्बर प्लेट जडानमा देखिएका समस्या यही हो । भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङले समिति गठन गरेका थिए ।

मन्त्रालयका सहसचिव पन्थका अनुसार सरकारले इम्बोस्ड नम्बर प्लेट जडानका लागि आवश्यक सम्पूर्ण पूर्वाधारको खर्च सेवाग्राही (सवारीधनी) बाट असुल्ने नीति लिएका कारण मूल्य महँगो पर्न गएको छ । इम्बोस्ड नम्बर प्लेटको शुल्क निर्धारण गर्दा नम्बर प्लेटको उत्पादन लागतमात्र नभई अन्य पूर्वाधारको खर्चसमेत जोडिएको छ । आरएफआईडी गेट, सफ्टवेयर, कन्ट्रोल रुमको भवन निर्माण र प्लेटको लागत सबै जोडेर प्रतिप्लेट मूल्य निर्धारण गरेको देखिन्छ । सबै लागत जोडेर त्यसमा सेवाशुल्क र अतिरिक्त नाफासमेत राखेर रेट फिक्स गर्दा सेवाग्राहीलाई धेरै महँगो पर्न गएको हो । ठेक्का सम्झौता भएको समयको डलरको भाउ अहिलेको भन्दा सस्तो पर्न जान्छ । यातायात व्यवस्था विभागले दुईपांग्रे सवारीका लागि २ हजार ५०० रुपैयाँ तोकेको छ । तीनपांग्रेका लागि २ हजार ९०० रुपैयाँ, चारपांग्रेका लागि ३ हजार २०० रुपैयाँ र ठुला सवारीका लागि ३ हजार ६०० रुपैयाँ तोकेको छ । समितिले हालको मूल्य संरचना वैज्ञानिक नभएको निष्कर्ष निकाल्दै यसलाई घटाउन सुझाव दिएको छ तर, घटाउने भन्दा पनि यो हटाउने सुझाव दिनु जरुरी छ । अहिलेको जसरी पूर्वाधारको खर्च सेवाग्राहीलाई बोकाउनु हुँदैन । युजरलाई प्लेटको चार्ज मात्र लगाउनुपर्छ, अन्य पूर्वाधार निर्माणको काम राज्यले गर्नुपर्छ । अहिलेको मूल्य घटाउनुपर्छ भन्ने समितिको सुझाव हो । इम्बोस्ड नम्बर प्लेटमा नेपाली भाषा प्रयोग नभएको विषयमा लामो समयदेखि विरोध हुँदै आएको छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०५९ को अनुसूचीलाई २०७४ साउन २५ गते राजपत्रमा सूचना प्रकाशित गरी संशोधन गर्दै प्लेटको भाषा अंग्रेजी हुने व्यवस्था गरेपछि नेपाली भाषामा हुनुपर्ने मागसहित विरोध भयो । अंग्रेजी भाषाको प्रयोग गरी देवनागरी लिपिलाई अवमूल्यन गरेको भन्दै सर्वोच्च अदालतमा मुद्दा परेको थियो ।

सेवाग्राहीद्वारा अझै विरोध कायमै छ । तर, ठेक्का सम्झौताअनुसार अंग्रेजी भाषाको प्रयोग गर्नुपर्ने छ । भाषाको सन्दर्भमा सहसचिव पन्थले हालको ठेक्का सम्झौता नै अग्रेजीमा गर्ने गरी भएकाले तत्काल परिवर्तन गर्न नसकिएको बताए । तत्कालीन अधिकारीहरु नितान्त कमिशनको कन्ट्र्याक्टमा बाँधिएका छन् । जनगुनासोलाई सम्बोधन गर्ने फुर्सद कसैलाई पनि छैन । अहिलेको युगमा डिजिटाइजेसनबाट पछि हट्न नसकिने भएपनि विगतमा गरिएका ठेक्का सम्झौतामा कमीकमजोरी धेरै छ । ठेक्का सम्झौतामा २५ लाख सवारी साधनका लागि इम्बोस्ड नम्बर प्लेट उत्पादन, १० वटा इम्बोस्ड नम्बर प्लेटलाई ट्र्याकिङ गर्ने आरएफआईडी गेट (रेडियो फ्रिक्वेन्सी आइडेन्टीटी डिभाइस गेट), १०० वटा हाते मेसिन (ह्यान्डहेल्ड डिभाइस) र चालु अवस्थाको नम्बर प्लेट छाप्ने फ्याक्ट्री सरकारलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । त्यसबापत ३ करोड ८७ लाख रुपैयाँ सरकारले ठेकेदार कम्पनीलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर, पटकपटक म्यादथप हुँदा पनि सम्झौताअनुसार काम नभएको अध्ययनको सुझाव छ । सरकारले २०७२ जेठ १७ गते पाँच वर्षभित्र २५ लाख इम्बोस्ड नम्बर प्लेट उत्पादन गर्ने गरी बंगलादेश र अमेरिकाको संयुक्त लगानीमा रहेको डेकाटुर-टाइगर आईटी कम्पनीलाई ठेक्का दिइएको थियो । त्यसपछि २०७८ जेठ १३ गते अढाई वर्षका लागि, २०८० असोज २३ गते २०८२ मङ्सिर ११ गतेसम्म म्याद थपिएको थियो । यो हदम्याद सकिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस ८ गते मंगलबार २३ डिसेम्बर २०२५ । तृतीया, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५३ सूर्यास्त ५:१३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : चुनौतीहरु बढ्नेछन् | **तुला** | : प्रयत्न निरर्थक हुनेछ |
| **वृष** | : आम्दानी घट्नेछ | **वृश्चिक** | : व्यावसायिक काम बन्नेछ |
| **मिथुन** | : मित्रताले हर्ष बढ्नेछ | **धनु** | : सहयोगीले असहयोग गर्नेछन् |
| **कर्कट** | : कामको तारिफ हुनेछ | **मकर** | : पढाइमा प्रगति हुनेछ |
| **सिंह** | : अरुको मन लोभ्याउन सकिनेछ | **कुम्भ** | : समस्या दोहोरिन सक्नेछ |
| **कन्या** | : दाम कमाउने बेला छ | **मीन** | : घरेलु काममै अलमल हुनेछ |

# ओली, पोखरेल र भण्डारीले नबुझेको 'जबज'



✍अरुण बराल

नेकपा एमालेको ११औं महाधिवेशनको पूर्वसन्ध्यामै मलाई दुईवटा विषयमा लेख्न मन थियो : एक- जनताको बहुदलीय जनवाद (जबज) बारे । दोस्रो- केपी शर्मा ओली र ईश्वर पोखरेलबीचको फरक । महाधिवेशनले चाप्दै लगिसकेपछि एमालेका दुई समूहबारे कटु विश्लेषण गर्दा पार्टीको आन्तरिक राजनीतिमा बाह्य हस्तक्षेप गरेजस्तो पर्न जाने र एमालेको आन्तरिक चुनावलाई पनि त्यसले असर गर्ने ठानेर मौन बसियो । अहिले महाधिवेशन सकिइसकेको हुनाले दुइवटै विषयलाई समेटेर यो लेख तयार पारिएको छ । लेखमा एमालेको जबजमाथि टिप्पणी गर्नुका साथै ओली र ईश्वर पोखरेलबीचको राजनीतिक-वैचारिक भिन्नताबारे तुलनात्मक अध्ययन गर्ने जमर्को गरिएको छ ।

हुन त महाधिवेशनको मुखमा सार्वजनिक भएको ईश्वर पोखरेलको राजनीतिक अवधारणा पढिसकेपछि र कार्की बैंक्वेटमा आयोजित सम्पादकसँगको छलफल सुनिसकेपछि यो पंक्तिकारलाई त्यतिबेलै लागेको थियो- ओली र पोखरेल समूहबीच वैचारिक-राजनीतिक भिन्नता खासै छैन, कार्यशैलीगत र आचरणगत फरक मात्र छ । यी दुवै समूह एउटै कारखानाका 'प्रोडक्ट' हुन् । कार्की बैंक्वेटको पत्रकार भेटघाटमै नेता योगेश भट्टराईले प्रस्ट्याइसकेका थिए, 'दुवै समूह एमाले नै भएको हुनाले धेरै सैद्धान्तिक भिन्नता नहुनु स्वभाविकै हो । हामी सबै एमाले हौं ।' प्रश्न उठ्छ- दुवै समूह एउटै हुन् भने बेग्लाबेग्लै प्यानल बनाएर महाधिवेशनमा उठ्नुको कारण के हो ? के त्यहाँ पदको आकांक्षा वा ओलीप्रतिको रीस मात्र लुकेको छ ? वा ओली र पोखरेल समूहबीच कुनै वैचारिक मतभिन्नता पनि छ ?

जबजको सन्दर्भमा कुरा गर्दा ईश्वर पोखरेल समूहले यसलाई ओलीसमूहविरुद्ध अन्तर संघर्ष गर्ने वैचारिक हतियार (टुल्स) का रूपमा प्रयोग गरेको देखिन्छ । विगतमा ओलीले पनि संस्थापन पक्षविरुद्ध यसै गरेका थिए, पार्टीमा लोकतान्त्रीकरणका नाममा । अर्कोतिर पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पनि गुनासो रहँदै आएको छ कि केपी शर्मा ओलीले जबजको सिद्धान्त अनुसार पार्टी चलाएनन्, उनी यसबाट विचलित भए । विद्याले कुनै ठोस सैद्धान्तिक-वैचारिक सवालमा नभएर पार्टीभित्र आफूलाई सदस्य बन्न नदिएकै कारण ओलीलाई 'जबजविरोधी' करार गरेको जस्तो देखिन्छ । पार्टीभित्रको गुटबन्दीमा बाहेक ओली कहाँनेर जबजविरोधी भए ? विद्याले स्पष्ट बताउन सकेको देखिँदैन ।

यहीँनिर एउटा वैचारिक प्रश्न उब्जन्छ - मदन भण्डारीले प्रतिपादन गरेको जबज एउटा 'संगठनात्मक सिद्धान्त' मात्रै हो ? कि यो देशको वस्तुगत राजनीतिक-सामाजिक अवस्थालाई विश्लेषण गर्ने र खोज्ने वैचारिक-राजनीतिक हतियार पनि हो ? यो प्रश्न केपी ओलीतिर मात्र होइन, विद्यादेवी भण्डारी र ईश्वर पोखरेल समूहतिर पनि सोझिन्छ । विद्या र ईश्वरले 'जबजविरोधी'को आरोप लगाए पनि अध्यक्ष ओलीले मुखले जबजको सिद्धान्तलाई छाडेको घोषणा गरेका छैनन् र उनले पनि जबज नै आफ्नो मार्गदर्शक सिद्धान्त रहेको बताउँदै आएका छन् । यसको अर्थ, नेकपा एमालेभित्र ओली, पोखरेल र भण्डारीका आ-आफ्नै 'जबज'हरू छन् । जबजलाई बुझ्ने र व्याख्या गर्ने सवालमा पार्टीभित्र एकरूपता छैन । खासमा, जबज के हो ? यसको सीमा के हो ? यसको फैलावट कति हो ? यसबारे खुलेर बहस भएको पाइँदैन ।

दलीय गुटबन्दी व्यवस्थापनको मात्र कुरा गरेर जबजको सारमा पुगिँदैन । मदन भण्डारीले जबजलाई 'लेनिनवादी संगठनात्मक सिद्धान्त'को विकल्पमा मात्र ल्याएका होइनन् । यो त कम्युनिस्टका नाममा हुने स्टालिन र पोलपोटहरूको जन्मलाई नियोजन गर्न ल्याइएको हो । नेपालमै नयाँ स्टालिनहरू जन्माउन मदन भण्डारीले जबज ल्याएका होइनन् । पार्टीभित्र दुई समूहबीच प्रतिस्पर्धा हुँदैमा त्यसलाई 'जबज' कार्यान्वयन भएको मान्ने हो भने नेपाली कांग्रेस र राप्रपामा पनि जबजको अभ्यास भइरहेको मान्नुपर्ने हुन्छ । त्यसर्थ, 'जबज' को सार 'संगठनात्मक सिद्धान्त'मा होइन, राजनीतिक विचारधारा र दर्शनमा खोजिनुपर्दछ ।

### महाधिवेशनमा पोखरेल समूहको सकारात्मक भूमिका

एमालेको ११ औं महाधिवेशनमा आफूलाई कसैले चुनौती दिन नसक्ने बताइर हेका ओलीको विपक्षमा ईश्वर पोखरेल बलियोसँग उभिए । उनको पक्षमा प्यानल नै बन्यो । पदाधिकारीमा ईश्वरको प्यानलबाट गोकर्ण विष्ट र योगेश भट्टराईले जिते । केन्द्रीय कमिटीमा पोखरेल समूहबाट १२ जना विजयी भए । पार्टीभित्रको यो लोकतान्त्रिक अभ्यासलाई प्राय: सबैले सकारात्मकरूपमा हेरेका छन् । खासगरी ईश्वर पोखरेलले आफूलाई एमालेभित्रको 'प्रतिपक्षी नेता'का रूपमा स्थापित गरेका छन् । जबजको सिद्धान्तले भन्न खोजेको पनि यही हो कि निर्वाचनबाट श्रेष्ठता हासिल गर्नुपर्छ । पार्टीमा भिन्न विचारलाई दमन हैन, प्रतिस्पर्धा गर्न दिनुपर्छ । महाधिवेशन सकिएको भोलिपल्ट पुस ३ गते ईश्वर पोखरेलले सामाजिक सञ्जालमा यस्तो लेखे-

नेकपा एमालेको एघारौं राष्ट्रिय महाधिवेशन (२०८२ मंसीर २७ - पुस ३) सम्पन्न भएको छ । महाधिवेशनमा निर्वाचित अध्यक्ष लगायत सम्पूर्ण पदाधिकारी तथा केन्द्रीय कमिटीका सदस्य तथा केन्द्रीय निकायमा निर्वाचित कमरेडहरूमा बधाइ तथा कार्यकालको सफलताको शुभकामना ! महाधिवेशनमा योगदान पुऱ्याउनु हुने महाधिवेशन प्रतिनिधि कमरेडहरूलाई धन्यवाद व्यक्त गर्दछु । प्रतिस्पर्धामा यसपटक म विजयी बन्न नसके पनि मेरो अध्यक्ष पदमा भएको उमेदवारीप्रति आफ्नो विश्वासको मत प्रदान गर्नु हुने मतदाता प्रतिनिधि कमरेडहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै, महाधिवेशनको दौरानमा उठाएका मुद्दाहरू - जनताको बहुदलीय जनवादको प्रकाशमा पार्टीमा सामूहिक नेतृत्व, विधि र पद्धतिअनुसार पार्टी सञ्चालन, पार्टीलाई सही र लोकतान्त्रिक तरिकाले सञ्चालन गर्न 'नियन्त्रण र सन्तुलन' को सिद्धान्तको पालना आदि महत्वपूर्ण विषयहरूले बहस र छलफलले नयाँ स्तरमा निरन्तरता पाउने कुरामा विश्वास व्यक्त गर्दछु ।

आफू विजयी बन्न नसके पनि देशभक्तिपूर्ण आन्दोलन, लोकतान्त्रिक आन्दोलन र समाजवादको आधार निर्माण गर्ने एमालेको अभियानमा मेरो सहभागिता र संलग्नता अटुट रूपमा रहिरहने कुरा विश्वास दिलाउन चाहन्छु । एमालेको निर्वाचित नयाँ नेतृत्वले आफ्नो कार्यकाल सफलताका साथ सम्पन्न गर्न सकोस्-हार्दिक शुभकामना व्यक्त गर्दछु ।

### पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको भनाइ

केपी शर्मा ओलीले पार्टी सदस्यता नवीकरण गर्न नमानेको र केन्द्रीय समितिले निर्णयसमेत गरेका कारण पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी एमाले महाधिवेशनमा जान पाइनन् । तर, उनले आफूलाई पूर्वराष्ट्रपति हुँ भन्ने बिर्सेर यस्तो शुभकामना दिएकी छन् :

नेकपा एमालेको ११ औं राष्ट्रिय महाधिवेशन सफलतापूर्वक सम्पन्न भएको छ । लोकतान्त्रिक प्रतिस्पर्धाको माध्यमबाट पार्टीले नयाँ नेतृत्व चयन गर्नु आफैंमा एमालेको संगठनात्मक परिपक्वता र जनताको बहुदलीय जनवाद (जबज)को जीवन्त अभ्यास हो । तेस्रोपटक पार्टी अध्यक्षमा निर्वाचित हुनुभएका केपी शर्मा ओलीज्यूसहित नवनिर्वाचित अन्य पदाधिकारीहरू, केन्द्रीय कमिटीका सदस्यहरू तथा विभिन्न आयोगका सदस्यहरूलाई हार्दिक बधाई तथा सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै, महाधिवेशनमा सहभागी सम्पूर्ण प्रतिनिधिहरू, पर्यवेक्षकहरू तथा महाधिवेशन सफल बनाउन अहोरात्र खटिनु भएका स्वयंसेवकहरू, स्वास्थ्यकर्मीहरू र कलाकारहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

यस महाधिवेशनमा विचार, निष्ठा र पद्धतिप्रति प्रतिबद्ध रहँदै प्रतिस्पर्धामा सहभागी हुनु भएका सम्पूर्ण नेता तथा कार्यकर्ताप्रति पनि हार्दिक धन्यवाद । लोकतन्त्रमा प्रतिस्पर्धा स्वाभाविक र आवश्यक प्रक्रिया हो, जसले संस्थालाई थप सुदृढ र जीवन्त बनाउँछ । यस महाधिवेशनबाट निर्वाचित नयाँ नेतृत्वले पार्टीले अवलम्बन गरेको सिद्धान्त 'जनताको बहुदलीय जनवाद'को मार्गदर्शनमा आन्तरिक लोकतन्त्र, सामूहिक नेतृत्व र संगठनात्मक एकतालाई अझ सुदृढ बनाउँदै पार्टीलाई अघि बढाउने विश्वास लिएको छु ।

### हाम्रा मुद्दा कायमै छन् : ईश्वर पोखरेल

महाधिवेशन सकेर जिल्ला फर्कन लागेका आफ्नो नेता कार्यकर्तासँग आयोजित अनौपचारिक छलफलमा शनिबार ईश्वर पोखरेलले भने-

अब हामीले जिल्ला, प्रदेशस्तरमा विभिन्न फोरम आयोजना गर्नुपर्छ । त्यो छलफलमा हामी पनि उपस्थित हुन्छौं, तपाईंहरूले सम्झनुस् । महाधिवेशन सम्पन्न भएको छ । महाधिवेशनका कतिपय कुराहरू समीक्षाका विषय छन् । तर, महाधिवेशन सम्पन्न भए पनि जुन मुद्दा लिएर हामीले लडाईं कायम गराएका थियौं, ती मुद्दाहरू कायम छन् । ती मुद्दाहरू मर्दैनन् । ती मुद्दालाई लिएर हामी हिँडिरहनेछौं । ती मुद्दाले सफलता प्राप्त नगरेसम्म हाम्रो अभियान जारी रहनेछ । हामी अब कसरी अघि बढ्नुपर्छ भन्ने जिज्ञासा जुन छ, त्यसलाई आज मेटाऔं भनेर यो भेला आयोजना गरेको हो । यो विभाजनको कुरा होइन । तर, यो सही विचारका लागि समर्पण पनि मञ्जुरी छैन । हामी विभाजनको विपक्षमा छौं, तर समर्पण स्वीकार्य छैन । हाम्रा मुद्दालाई मर्न नदिन, अघि बढाउन र सफलताको शिखर चुम्नका लागि म कमरेडहरूलाई अघि बढ्न आग्रह गर्न चाहन्छु ।

डराउनुपर्ने दुईवटा कुरा देखिन्छन् । 'म भइँन भनें पार्टी हुँदैन', के भनेको यो ? म भइनँ भने पार्टीलाई कसले चलाउँछ ? यो कति डरलाग्दो कुरा हो ? झट्ट हेर्दा यो सामान्य सुनिन्छ, तर यो डरलाग्दो चिज हो । यो डरलाग्दो चिजबाट पार्टीलाई कसरी बचाउने ? हो आजको चुनौती यही हो । मान्छेबाट कहिलेकाहीँ कमी कमजोरी हुन्छन् । ती कमीकमजोरीलाई स्वीकार गर्नुपर्ने हाम्रो शैली हो । तर, ती कमजोरी भयो भने पनि मैले कहिल्यै कमजोरी गर्दिनँ, म कहिल्यै गल्ती गर्दिनँ, म गल्ती गर्नेवाला होइन, मैले गल्ती गऱ्यो भनेर भन्यौं भने तिमीहरू मूर्ख हौ भन्ने हिसाबले हिँडियो भने के हुन्छ ? त्यो दुर्भाग्य हुन्छ । हो त्यही दुर्भाग्य आज हामी भोग्न बाध्य छौं ।

### के हो ईश्वरले उठाएको मुद्दा ?

ईश्वर पोखरेलले मंसिर २१ गते ४० पृष्ठ लामो अवधारणापत्र सार्वजनिक गरेका थिए । जसमा उनले भनेका थिए, '११औं राष्ट्रिय महाधिवेशन एउटा विशिष्ट परिस्थितिमा आयोजना भइरहेको छ । जननिर्वाचित सरकार विघटन गरिएको छ, प्रतिनिधिसभा भंग गरी आगामी फागुन २१ गतेका लागि निर्वाचन गर्ने प्रक्रिया आरम्भ भइसकेको छ । लामो संक्रमणकाल गुजारेर तत्कालीन संविधानसभाबाट बनाइएको संविधान घाइते भएको छ । समाजमा अराजकता, अन्योल र राजनीतिक अस्थिरताको वातावरण छ । नयाँ पुस्ताका आकांक्षाहरू तथा राज्य र पार्टीहरूले लिएका नीतिका बीच खाडल देखिएको छ । विचारधारात्मकरूपले यस्तो घटनाका कार्यकारण सम्बन्धहरूको विश्लेषण गर्नु र नयाँ सन्दर्भमा आफूलाई पुनर्ताजगी गर्नु महाधिवेशनको मुख्य दायित्व हो ।'

पोखरेलको अवधारणापत्रमा भनिएको थियो, 'यो घटना हुनु अगाडि हाम्रो पार्टीको नेतृत्वमा देशका मुख्य ठूला राजनीतिक दलहरूको गठबन्धनमा संसदमा दुइतिहाई समर्थन प्राप्त सरकार थियो । भदौ २४ का घटनापछि संविधानसम्मत ढंगले गठित सरकार जबर्जस्त विस्थापित भएको छ । यसले एकातिर हामीले लिएका नीति र कार्यनीतिका समस्याहरूबारे मूल्यांकन गर्नुपर्ने दबाब सिर्जना भएको छ । अर्कोतिर भदौ २३ र २४ गते भएका अकल्पनीय घटनाका कारण सिर्जित सवैधानिक र राजनीतिक रिक्तता छिटो अन्त्य गर्न हाम्रो पार्टीले लिनुपर्ने नेतृत्वदायी भूमिकाका सम्बन्धमा नयाँ कार्यदिशा तय गर्नुपर्ने भएको छ ।'

तथापि, पोखरेलको अवधारणापत्रमा समकालीन विश्व परिवेश, वर्तमान नेपाली समाज र जेनजी आन्दोनको समीक्षाबारे बुँदागत चर्चा गरिएको पाइन्छ । भदौ २३ को दमनबारे उचित छानविन हुनुपर्ने समेत पोखरेलले बताएका छन्, जुन केपी शर्मा ओलीको भन्दा भिन्न निष्कर्ष हो । पोखरेलको अवधारणापत्रमा भनिएको थियो, 'भदौ २३ गते जेनजीहरू मुलुकमा सुशासन, भ्रष्टाचार नियन्त्रण, सामाजिक सञ्जालमाथिको प्रतिबन्ध खारेजी तथा राज्य र पार्टीको नीतिनिर्माण तहमा नयाँ पुस्ताको सहभागिता जस्ता अत्यन्तै सान्दर्भिक माग राख्दै सडकमा आए । शान्तिपूर्ण प्रदर्शनका रूपमा सडकमा आएका नवयुवाहरूमाथि भदौ २३ गते अपराह्न पश्चात् एक्कासी दमन भयो । कसरी, कहाँबाट भयो ? त्यो खोजी हुने नै छ । उक्त दिनको घटनाबाट आम जनसमुदायमा आक्रोश पैदा हुन पुग्यो ।'

जेनजी आन्दोलनलाई हेर्ने सवालमा ओलीभित्र 'अतिवाद' रहेको पोखरेलको अवधारणापत्रमा संकेत गरिएको थियो । जसमा भनिएको थियो, अर्को अतिवादी टिप्पणी छ, 'हामीले राम्रो गरिरहेका थियौं । हाम्रा आर्थिक परिसूचकहरू क्रमश: सुधारको बाटोमा थिए । भौतिक संरचनाहरू धमाधम बन्दै थिए । तिनै तहको आवधिक निर्वाचन भइरहेका थिए । अर्थात् जे भइरहेको छ, त्यो सब ठिकठाक थियो, जे गरिरहेका थियौं, गजब गरिरहेका थियौं । आज जे भयो, त्यो हाम्रो कारणले होइन, केवल देशी-विदेशी प्रतिक्रियवादीहरूको षड्यन्त्रको कारण भयो भन्ने टिप्पणी भइरहेको छ । आजको अवस्थासँग हाम्रा सीमा, कमजोरी र असफलताको कुनै सम्बन्ध नदेख्नु अर्को अतिवाद हो । वर्तमान अवस्था र इतिहासको वस्तुनिष्ठ समीक्षा नगरी भविष्यको मार्गचित्र निर्माण सम्भव छैन । कमरेड लेनिनले भनेजस्तो सब ठीक छ भन्ने अतिवाद स्थिरता होइन, पतनको सुरुवात हो ।'

महाधिवेशनपछि अध्यक्ष ओलीले प्रतिनिधिसभा पुन:स्थापनामा जोड दिएका छन् । तर, पोखरेलको अवधारणापत्रमा निर्वाचनलाई कार्यदिशा बनाउनेपर्ने भनिएको थियो । पोखरेलले भनेका थिए, 'हाम्रो पार्टी लोकतान्त्रिक पद्धतिमा आस्था राख्छ । प्रतिस्पर्धामार्फत् श्रेष्ठतामा विश्वास गर्छ । निर्वाचनबाटै राजनीतिक निकासको विकल्प खोज्ने कुरामा हामी विश्वास गर्छौं । त्यसैले पनि यतिबेला हामीसँग निर्वाचनमा जानु, नयाँ जनादेशसहितको संसद स्थापना गर्नु र त्यसका माध्यमबाट विद्यमान संवैधानिक समस्या हल गर्दै बरालिएको राजनीतिक कोर्ष करेक्सन गर्नुको विकल्प छैन ।'

के ईश्वर पोखरेलले भनेजस्तै एमालेको ११ औं महाधिवेशनले 'संवैधानिक र राजनीतिक रिक्तता छिटो अन्त्य गर्ने नयाँ कार्यदिशा' तय गऱ्यो त ? पोखरेलले भनेजस्तै 'नयाँ पुस्ताका आकांक्षाहरू तथा राज्य र पार्टीहरूले लिएका नीतिका बीच खाडल, अनि विचारधारात्मकरूपले यस्तो घटनाका कार्यकारण सम्बन्धहरूको विश्लेषण गर्दै एमालेले नयाँ सन्दर्भमा आफूलाई पुनर्ताजगी' गऱ्यो ? कोर्ष करेक्सनका लागि निर्वाचनमा जाने बाटो तय गऱ्यो ? जेनजी आन्दोलनका 'कज एण्ड इफेक्स' बारे रौंचिरा विश्लेषण गऱ्यो ? ईश्वर पोखरेलकै शब्दमा भन्ने हो भने ती मुद्दाहरू फेरि पनि बाँकी नै छन् ।

हुन त आफ्नो अवधारणापत्रमा पोखरेलले भदौ २४ पछिको राजनीतिक परिस्थिति विश्लेषण र एमालेले लिनुपर्ने अबको बाटोको सन्दर्भमा ठोस धारणा प्रस्तुत गरेको देखिँदैनन् । उनले यी विषयहरूमा महाधिवेशनले स्पष्ट गर्नुपर्ने दायित्व सम्झाएको देखिन्छ । खासमा, पोखरेलको अवधारणापत्र 'समस्यापत्र' जस्तो मात्र देखिन्छ । यति हुँदाहुँदै पनि भदौ २३ गते विद्यार्थीमाथि भएको दमनको विरोध अनि फागुन २१ को चुनावमा भाग लिनुपर्ने विषयमा भने पोखरेल प्रस्ट देखिएका छन्, जुन ओलीलाई मन परेको छैन । ओली अहिलेसम्म छानविन आयोगमा वयान दिन नजाने अडानमै छन् । अझै पनि उनी चुनाव हुँदैन, सुशीला कार्कीको सरकार ढालिन्छ भनिरहेका छन् ।

पोखरेलको अवधारणापत्रमा राजनीतिक दल र नागरिकबीचको सम्बन्ध सुमधुर हुनुपर्ने भनिएको थियो । पोखरेलले भनेका थिए, 'महाधिवेशनबाट हामीले विधान महाधिवेशनपश्चात् देशमा उत्पन्न असाधारण परिस्थितिको वस्तुगत विश्लेषण गरी सही नीति निर्धारण गर्न जरुरी छ । नयाँ चुनौतीको सामना गर्न सक्षम हुनेगरी पार्टी संगठनको पुनर्गठन गर्न, सही तरिकाले राष्ट्रिय एकताको अगुवाई गर्ने नेतृत्व निर्माण गर्न हामीले आँट गर्नैपर्छ ।' तर, भइदियो उल्टो । महाधिवेशन सकिएको भोलिपल्टै नवनिर्वाचित अध्यक्ष ओलीले राष्ट्रिय एकताको अगुवाई गर्ने हैन कि द्वन्द्व निम्त्याउने भाषण गरे ।

अब सपथ ग्रहण कार्यक्रममा ओलीको भाषण सुनौं- 'टोल सुरक्षा समिति बनाउनोस्, देशै ठप्प पार्दिनोस्'

नेकपा एमालेको नेतृत्वमाथि अनेक प्रकारका जालझेल षड्यन्त्रले, प्रचारको हल्लाले भएन, अब भौतिक हमलाद्वारा आक्रमण गर्ने अथवा मुद्दा मामिला, जाली मुद्दाहरू लगाउने पञ्चायतकालीन कुकर्महरूको फेरि थालनी गर्ने हल्ला मच्चाइएको छ । यो मिडिया ट्रायल यथार्थ हल्ला हुन सक्दछ । म तपाईंहरूलाई भन्न चाहन्छु- एमाले नेतृत्वमाथि छोएका दिन देश ठप्प हुनुपर्दछ । यो सरकार ढल्नुपर्दछ । ढालिने छ यो सरकार । त्यसका निम्ति नेकपा एमालेले देशभरिबाट आफ्नो तयारी हालतमा बस्नुपर्दछ । एमालेलाई छोयो कि, संसारमा केही महंगो पर्थ्यो भने एमालेलाई छुनु महंगो पर्नेछ । त्यो कुराका लागि हामी कुराले हैन, कामले तयार हुनुपर्दछ । गरेर देखाउनुपर्दछ ।

एमालेलाई फेरि पनि हामीले जिन्दगीभरि लडेर ल्याएको लोकतन्त्रमाथि आज यस्ता तत्वहरू, जसको देशका लागि कुनै योगदान छैन, बढ्ता योगदान गरेका भए जागीर खाइदिएका होलान् । बाँकी केही पनि योगदान छैन, त्यस्ता तत्वहरूले एमालेजस्तो पार्टीलाई होच्याउने, लाञ्छित गर्ने विभिन्न कुराले कमजोर पार्ने प्रयत्न हुँदैछ । केही काम लागेन अब फेरि जाली मुद्दा लगाउने आदि प्रयासहरू हुँदै छन् भन्ने षड्यन्त्रको सुइँको हामी पाइरहेका छौं ।

त्यसो हो भने जो जहाँ छ, त्यहीँबाट बन्द गरिदिनुनोस् । देश बन्द । ठप्प । चक्का मात्रै जाम हैन, सप्पै चिज जाम । सप्पै जाम । त्यसर्थ नेकपा एमाले त्यो तत्परताका साथ जानुपर्दछ । अचानक अस्ति भदौ २४ गते एउटा धोका भयो हामीलाई । हामी तयारी अवस्थामा थिएनौं । अहिले अराजकता देशमा बनाउन खोजिएको छ । हामीलाई थाहा छ, हामी त्यसका निम्ति तयारी अवस्थामा छौं, त्यसलाई रोक्छौं । म नेकपा एमालेका प्रतिनिधि साथीहरू मार्फत् सिंगो नेकपा एमाले र अरू पनि पार्टीका भातृ संगठनका दाजुभाइ दिदी बहिनीहरूलाई टोल टोलमा सुरक्षा समिति बनाएर आ-आफ्नो टोलको सुरक्षा गर्न सुझाव दिन्छु । सल्लाह दिन्छु ।

सरकारमाथि मात्रै भर परेर हुँदैन । अस्ति नै हामी सरकारमाथि मात्रै भर पऱ्यौं । राज्यसंयन्त्रमाथि मात्रै भर पऱ्यौं । राज्य संयन्त्रको मात्रै भर पर्दा हामीले धोका पाउन सक्छौं, यसकारण धोका पाउनु हुँदैन । राज्यसंयन्त्रमाथि मा त्रै भर पर्ने होइन । हामी आफ्नै खुट्टामा उभिएर आफ्नो सुरक्षा गर्नुपर्दछ । हामी शान्ति चाहन्छौं । आज देशमा असुरक्षा छ । शान्तिको अनुभूति कसैले गर्न पाइरहेको छैन । त्यसर्थ शान्तिको अनुभूति गर्ने गराउने काम हामी आफ्नै सुरक्षा प्रवन्धद्वारा गर्न पर्ने अवस्था छ । त्यसकारण टोलटोलमा टोल सुरक्षा समिति अविलम्ब बनाउनोस् । एक हप्ताभित्र बनाउनोस् म साथीहरूलाई आग्रह गर्न चाहन्छु । एक हप्ताभित्र ।

गाउँमा फर्केर गएर टोल सुरक्षा समिति निर्माण गर्नुहोस्, त्यो पहिलो काम हो । अत्यधीक टोल सुरक्षा समितिहरू बनाउनोस् । टोल टोलमा शहरमा, गाउँमा, सबै ठाउँमा टोल सुरक्षा समिति बनाएर आफ्नो सुरक्षा आफैं गर्ने प्रवन्ध गर्नुहोस् । अहिले त कस्तो छ भने एउटाले सिरक ओढेर सिरकभित्रबाट फोन गरेर म त जेनजी बोल्दैछु भनेर साना कुरा गर्दैन, हात्तीभन्दा ठूला कुरा गर्छ । सिरक भित्रबाट । अनि, हामी तर्सिने ? तर्सिनुपर्ने कुनै आवश्यकता छैन ।

आज सञ्चारजगत सुरक्षित छैन । सेल्फ सेन्सरसीप लगाउनुपर्ने अवस्था छ । जेनजीका नाममा धाक धम्की आउँछ । दबाव आउँछ । म सञ्चार माध्यमका मित्रहरूलाई भन्न चाहन्छु, सामाजिक सञ्जालहरूलाई पनि भन्न चाहन्छु । सबैलाई भन्न चाहन्छु- सही कुरा गरौं । सही कुरा गर्न नडराऔं । डराउने होइन । नेकपा एमाले तपाईहरूको साथमा छ । डराउनुपर्दैन । उद्यमी व्यवसायीहरूलाई भन्छु- एकछिनका लागि आतंक भएको हो, तपाईका कारोबारहरू लुटिए, तपाईका व्यवसाय लुटिए, तपाईका व्यवसाय तोडफोड गरिए, तपाईका व्यवसायमा आगो लगाइयो, एक समयको कुरा हो त्यो । सधैं हुन सक्दैन । अब अगाडि बढ्नुपर्छ । अब त्यस्ता कुराले स्थान पाउँदैन । त्यसकारण तपाईहरूको सुरक्षा हामी गर्छौं । तपाईहरू अगाडि बढ्नुहोस् अब । टोल सुरक्षा समिति त्यसकै लागि हो । अब तपाईहरूका उद्योग डढाउन कोही आउन पाउँदैन । टोल सुरक्षा समितिले रक्षा गर्छ । तर, यही शान्ति सुव्यवस्था कायम हुन नदिन अराजकता समाजमा कायम गर्न, आपराधिक तत्वलाई कारवाही नगर्न र गर्न नदिन अनि निर्दोष व्यक्तित्वहरूमाथि लाञ्छित गर्ने र विभिन्न प्रकारका लफडा निकाल्ने हो भने मैले अघि नै भनें, हामी शान्ति चाहन्छौं । शान्तिको चाहनातर्फ हामी अगाडि बढ्दा खल्बल्याउन खोजिन्छ भने हामीले शान्ति स्थापना गर्नैपर्ने हुन्छ ।

*(साभार: अनलाइनखबर)*

# सामाजिक सञ्जालमा हाम्रो रुचिको 'कन्टेन्ट' मात्र किन बढी आउँछ ?

मानौं तपाईं खानाको पारखी हुनुहुन्छ । ठोकुवा गरेर भन्न सकिन्छ, तपाईंको फेसबुक वा टिकटकमा खानाकै भिडियो मात्र बढी आउँछ । तपाईं फेसनमा रुचि राख्नुहुन्छ । पक्कै पनि तपाईंले प्रयोग गर्ने सामाजिक सञ्जालमा पहिरनका कुराहरू बढी आउँछ ।

तपाईं खेलकुदमा लगाव राख्नुहुन्छ भने सामाजिक सञ्जालमा खेलकुदै सामाग्री बढी आउँछ । तपाईं यात्रामा रमाउने हुनुहुन्छ भने तपाईंको सामाजिक सञ्जालमा यात्राकै सामाग्री बढी आउँछ । तपाईंलाई त यस्तो लाग्नसक्छ कि, यो दुनियाँमा तपाईंको रुचि अनुरुपको कुरा मात्र छ ।

कोही भूतप्रेतमा विश्वास गर्छन् भने उनीहरूलाई दुनियाँमा भूतप्रेत छ्यापछ्याप्ती छ जस्तो लाग्न सक्छ । किनभने उनीहरूको फेसबुक, टिकटकलगायत सामाजिक सञ्जालमा त्यस्तै मात्र सामाग्री देखापर्छ । आखिर किन यस्तो हुन्छ ? सामान्य प्रयोगकर्तालाई यसबारे खास हेक्का भएको पाइँदैन ।

सोसल मिडिया प्लेटफर्महरू जस्तै फेसबुक, इन्स्टाग्राम, टिकटक, युट्युब र एक्समा स्क्रोल गर्दा प्राय: आफूले मन पराउने, खोज्ने वा पहिले हेरेका सामाग्रीहरू मात्र देखिन्छन् । यो कुनै संयोग होइन, बरू एल्गोरिदमको डिजाइन र प्लेटफर्महरूको व्यावसायिक रणनीतिको परिणाम हो । यसले जानकारीको दायरालाई सीमित बनाउँछ र विविध विचारहरूबाट टाढा राख्छ । यस प्रभावलाई मुख्य रूपमा 'फिल्टर बबल' र 'एको चेम्बर' भनिन्छ ।

सबभन्दा पहिले, फिल्टर बबलको कुरा गरौं । यो शब्द सन् २०११ मा इन्टरनेट एक्टिभिस्ट इलाइ पारिसरले आफ्नो पुस्तक 'द फिल्टर बबल: ह्वाट द इन्टरनेट इज हाइडिङ फ्रम यु' मा प्रस्तुत गरेका थिए । पारिसरका अनुसार, इन्टरनेट कम्पनीहरूले व्यक्तिगत एल्गोरिदम प्रयोग गरेर हाम्रो अघिल्लो व्यवहार जस्तै- लाइक, शेयर, सर्च हिस्ट्री, हेरेको समय, क्लिकहरू र यहाँसम्म कि लोकेशनका आधारमा सामाग्री छान्छन् ।

उदाहरणका लागि, यदि कसैले स्वास्थ्य सम्बन्धी सामाग्री बढी हेर्‍यो भने एल्गोरिदमले त्यस्तै सामाग्री मात्र देखाउँछ । यसले हामीलाई 'व्यक्तिगत जानकारीको बबल' मा कैद गर्छ, जहाँ फरक दृष्टिकोणहरू प्रवेश गर्दैनन् । एल्गोरिदमको मुख्य उद्देश्य प्रयोगकर्तालाई प्लेटफर्ममा लामो समय राख्नु हो, किनकि बढी समय भनेको बढी विज्ञापन प्रदर्शन र कम्पनीहरूका लागि बढी कमाइ हो ।

एक अध्ययन अनुसार, फेसबुकको एल्गोरिदमले फिल्टर बबल प्रभावलाई २०१५ मा नै मजबुत




बनाएको थियो, जसले प्रयोगकर्ताको सामाग्री उपभोगलाई ५० प्रतिशतसम्म सीमित बनाएको पाइयो । यसको प्रभावलाई अस्वीकार गर्ने अध्ययनहरू पनि छन्, जस्तै २०२१ को एक अनुसन्धानले फिल्टर बबलको अस्तित्वलाई न्यून प्रभावकारी भनेको छ, तर यसले सामान्यतया सामाजिक ध्रुवीकरण बढाउने कुरालाई भने अस्वीकार गर्दैन ।

दोस्रो, एको चेम्बर । यो फिल्टर बबलभन्दा अलि फरक छ, किनकि यसमा हामी आफैं समान विचार भएका मानिसहरूसँग मात्र जोडिन्छौं । हामीले फलो गर्नेहरू, हामी जोडिने ग्रुपहरू वा कमेन्ट गर्नेहरू प्राय: हाम्रै जस्तै सोचका हुन्छन् । यसले हाम्रो विचारलाई बारम्बार दोहोर्‍याएर मजबुत बनाउँछ, जसलाई निश्चितीकरण पूर्वाग्रह भनिन्छ ।

२०२१ को 'पिएनएएस' जर्नलमा प्रकाशित अध्ययन अनुसार, सोसल मिडिया प्लेटफर्महरू जस्तै फेसबुक, ट्विटर र इन्स्टाग्राममा एको चेम्बरले जानकारी फैलावटलाई प्रभावित गर्छ, जसले राजनीतिक ध्रुवीकरण बढाउँछ ।

उदाहरणका लागि, रेन्सेलियर इन्स्टिच्युटको २०२४ को अध्ययनले प्रयोगकर्ताहरू लोकप्रिय मतलाई प्राथमिकता दिन्छन् र विपक्षी विचारहरूबाट टाढा रहन्छन् भन्ने कुरा देखाएको छ । जसले सामाजिक सञ्जालमा एको चेम्बरलाई मजबुत बनाउँछ ।

अध्ययनहरूका अनुसार, फेसबुक र एक्स जस्ता प्लेटफर्ममा यो प्रभाव बढी देखिन्छ, किनकि एल्गोरिदमले इंगेजमेन्ट लाइक, कमेन्ट, शेयर बढाउने सामाग्रीलाई प्राथमिकता दिन्छ। भावनात्मक वा विवादास्पद सामाग्रीले बढी इंगेजमेन्ट पाउँछ, त्यसैले यस्ता पोस्टहरू बढी देखिन्छन् । मिशिगन स्टेट युनिभर्सिटीको २०२५ को अध्ययनले ग्रामीण क्षेत्रका प्रयोगकर्ताहरूमा एको चेम्बरले सामाजिक सहिष्णुता घटाउने र नेटवर्क विविधता कम गर्ने देखाएको छ ।

### के डिभाइसले बोलेको कुरा पनि ट्र्याक गर्छ ?

आफ्नो साथीभाइहरूसँग कुराकानी गरिरहनु भएको छ । यसबेला फोन, ल्यापटप खुल्लै राखिरहनुभएको छ भने केही बेरमा सोसल मिडिया चलाउँदा सोही कुराको विज्ञापन अथवा कुनै पनि कन्टेन्ट आफ्नो डिभाइसमा देख्नुहुन्छ । त्यस्तो देखेर कतै डिभाइसले आफ्नो आवाज त सुनिरहेको छैन भनेर सोच्न सकिन्छ । तर, के साँच्चै यस्तो हुन्छ त ?

गुगल, फेसबुक, एप्पल जस्ता प्रविधिका ठूला कम्पनीहरू यस्तो दाबी अस्वीकार गर्छन् । बरू उनीहरूले बारम्बार माइक्रोफोनबाट सामान्य कुराकानी सुनेर विज्ञापन टार्गेट नगर्ने बताइरहन्छन् । तर, दैनिक जीवनमा यी कम्पनीहरूले नै तयार गरेका सफ्टवेयर अथवा एप बढी मात्रामा प्रयोग गर्छौं । यद्यपि केही थर्ड पार्टी एपहरूले भने यसरी आवाज सुनेर त्यही अनुसारको विज्ञापन देखाउन सक्ने विज्ञहरू बताउँछन्।

साइबर सुरक्षा विज्ञ एवं भैरव टेक्नोलोजीका प्रमुख विजय लिम्बु सेनिहाङका अनुसार वेबसाइटहरूमा कुकीहरू स्वीकार गरेर सहमति लिएपछि ब्राउजर वा उपकरणका क्रियाकलापहरू ट्र्याक गरी एलगोरिदमले सम्बन्धित विज्ञापन देखाउँछ, जुन सामान्य प्रक्रिया हो । तर मोबाइल एपहरू, विशेष गरी एन्ड्रोइड उपकरणहरूमा सुरक्षा कमजोरीका कारण माइक्रोफोन साइलेन्ट रूपमा ट्याप हुन सक्छ ।

केही प्लेटफर्महरूले यसलाई अस्वीकार गरे पनि अनुसन्धानकर्ताहरूले यसबारे केही तथ्य प्रमाणित गरेका छन् । 'एपहरूले आवाज रेकर्ड गरी मुख्य रूपमा अंग्रेजी शब्दहरू ट्र्याक गर्छन् र विज्ञापन लाइब्रेरीसँग मिलाउँछन्, मिलेमा सम्बन्धित विज्ञापन देखाउँछन्' लिम्बु भन्छन् ।

जस्तो, २०२४ मा कक्स मिडिया ग्रुप नामक मार्केटिङ कम्पनीले डिभाइसमार्फत प्रयोगकर्ताको आवाज सुनेर सोही अनुसारको विज्ञापन देखाउने दाबी गरेको थियो । यसलाई 'एक्टिभ लिसनिङ' टेक्नोलोजी भनिन्छ, जसमा माइक्रोफोनबाट डेटा लिने र त्यसका आधारमा फिडमा कन्टेन्ट देखाउने हुन्छ । कम्पनीले आफ्नो पिच डेकमा स्मार्टफोन बाट कुराकानी सुनेर विज्ञापन टार्गेट गर्ने दाबी गरेको थियो, जसले गोपनीयताको चिन्ता बढाएको थियो ।

लिम्बुका अनुसार एल्गोरिदमका कारण हामीलाई त्यस्तो कन्टेन्ट आएको हुन सक्छ । किनकि हाम्रो रूचिको कन्टेन्ट देखाउन सामाजिक सञ्जाल कम्पनीहरूले ठूलो मात्रामा डेटा ट्र्याकिङ जस्तै लोकेशन, सर्च हिस्ट्री, ब्राउजिङ, उमेर, लिङ्गबारे जानकारी लिइरहेका हुन्छन् । आजकल एल्गोरिदम यति सटिक हुन्छ कि, यी आधारहरूबाट हाम्रोबारे सही अनुमान लगाउन सक्छन्, जुन हामीलाई संयोगजस्तो लाग्न सक्छ । यसबाट बच्न माइक्रोफोन एक्सेस अथवा पर्सनलाइज्ड एड्स बन्द गर्न सकिन्छ ।

### यी दुवैको संयोजनले के हुन्छ ?

यी दुवैको संयोजनले हाम्रो सोचाएको दायरा साँघुरो हुन्छ । संसारमा सबैले मैले जस्तै सोच्छने जस्तो लाग्न सक्छ । उदाहरणका लागि, सन् २०१६ को अमेरिकी चुनावमा फिल्टर बबल र एको चेम्बरले फेक न्युज र गलत जानकारी फैलाउन मद्दत गरेको अध्ययनहरूले देखाएका छन् ।

नेशनल ब्यूरो अफ इकनोमिक रिसर्चको एक रिसर्च अनुसार, फेक न्युजले चुनावमा डोनाल्ड ट्रम्पलाई फाइदा पुर्‍याएको थियो, जसमा ११५ प्रो-ट्रम्प फेक स्टोरीहरू फैलिएका थिए । यसले २७.४ प्रतिशत अमेरिकीहरूले फेक न्युज साइटहरू भिजिट गरेको देखाएको थियो । नेपालमा पनि राजनीतिक बहसहरूमा यस्तै देखिन्छ । एक पक्षका समर्थकले अर्को पक्षको विचार कहिल्यै देख्दैनन्, सुन्दैन । तर, सबै अध्ययनहरूले यो पूर्णरूपमा हानिकारक मान्दैनन् । केही रिसर्चका अनुसार, एल्गोरिदमले विविधता बढाउन पनि सक्छ, किनकि अनायासै फरक सामाग्री देखिने हुन्छ । तर अधिकांश प्रयोगकर्ता, विशेष गरी युवाहरू, यस्ता बबलमा फस्छन् । यसको असर मानसिक स्वास्थ्यमा पनि पर्छ । यसले एंग्जाइटी, डिप्रेसन बढ्न सक्छ, किनकि हामीले नकारात्मक वा एकपक्षीय सामाग्री मात्र देख्छौं।

साइकोलोजी टुडेको २०२४ को रिपोर्ट अनुसार, जानकारी बबलले ध्रुवीकरण बढाउँछ, जसले सामाजिक विखण्डन र अलगाव बढाउँछ । एको चेम्बरले अलगाव र विविध दृष्टिकोणको कमीबाट आत्मसम्मान समस्या र एंग्जाइटी बढाउँछ भन्ने कुरा अर्को अध्ययनले देखाएको छ ।

### यो समस्याको कसरी समाधान गर्ने ?

यो समस्याबाट बच्न सचेत हुनुपर्छ । विभिन्न स्रोतहरूबाट जानकारी लिनुपर्छ । जस्तै समाचार वेबसाइट, किताब, अफलाइन छलफल आदि । सोसल मिडियामा फरक विचार भएका अकाउन्ट फलो गर्नुपर्छ । ब्राउजरमा इन्कोग्निटो मोड प्रयोग गर्नुहोस् वा सर्च हिस्ट्री डिलिट गर्नुपर्ने साइबर सुरक्षा विज्ञ लिम्बुको सुझाव छ । समग्रमा, सोसल मिडिया हाम्रो जीवनको हिस्सा हो, तर यसको एल्गोरिदमले हामीलाई नियन्त्रण गर्न नदिनु नै बुद्धिमानी हुन्छ । विविधताको खोजीले मात्र हामी साँचो जानकारी र सन्तुलित दृष्टिकोण प्राप्त गर्न सक्ने उनले बताए ।

लिम्बुका अनुसार युरोपमा यसका लागि केही प्लेटफर्महरूलाई जरिवाना समेत गरिएको छ । एन्ड्रोइडमा यो बढी हुन्छ किनकि यसमा गोपनीयता फोकस कम छ, जबकि आईफोनमा गोपनीयता मजबुत छ र 'आक्स एप नट टु ट्र्याक'जस्ता फिचरहरू छन् । एन्ड्रोइड फोनहरूमा गोपनीयता कमजोर हुँदा एल्गोरिदम सक्रिय हुन्छन्, जसले राजनीतिक धारणाहरूमा इको चेम्बर सिर्जना गर्छ । देश अनुसार व्यवहार फरक हुन्छ ।

गोपनीयताको कानुन कडा भएका युरोपियन देशहरूमा 'कन्भर्सेसन लिसनिङ' हुँदैन, तर नेपालजस्ता देशहरूमा जहाँ नियम कडा छैनन्, यो हुन्छ । प्रमाणका रूपमा, यूके आईपीबाट भिपिएन प्रयोग गर्दा एपहरूले सहमति माग्छन्, तर नेपालबाट चलाउँदा माग्दैनन् प्रणालीहरू देशको आईपी र नियमहरूका आधारमा डिजाइन गरिएका हुन्छन् ।

यसबारे आफूसँग पनि केही व्यक्तिगत अनुभव रहेको लिम्बु सुनाउँछन् । 'इन्स्टाग्रामले कन्भर्सेसन सुनेको थाहा पाएपछि मोबाइलबाट सामाजिक सञ्जालहरू हटाएर ल्यापटप/डेस्कटपबाट मात्र प्रयोग गर्ने गरेको छु' लिम्बु भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# दयाहाङ र सौगातले खेल्ने 'मितज्यू'को वर्कसप सुरु, छायांकन माघमा




काठमाडौं/पछिल्लो समय नेपाली फिल्म क्षेत्रमा छायांकन सुरु हुनुअघि कलाकारदेखि छायाँकार सम्मको उपस्थितिमा वर्कसप गर्ने चलन फस्टाउँदै गएको छ । फिल्म निर्माण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन आयोजना गरिने यस्ता वर्कसपले कलाकारलाई आफ्नो क्यारेक्टर गहिरो रूपमा बुझ्न र स्क्रिप्टको सूक्ष्म अध्ययन गर्न महत्वपूर्ण भूमिका खेल्ने गरेको छ ।

वर्कसपको यही महत्त्वलाई बुझेर हुनसक्छ, निर्माणको तयारीमा रहेको फिल्म 'मितज्यू'को टिमले पनि यो अभ्यासलाई आत्मसात गरेको छ । सोहीअनुसार शनिबारबाट काठमाडौंमा फिल्मका निर्देशकदेखि कलाकारहरूको उपस्थितिमा वर्कसप सुरु गरिएको छ । वर्कसपमा कलाकारहरू तेरिया मगर, पुस्कर गुरुङ, सुवर्ण थापा, अनु थापा, स्मिता लामिछाने लगायत सहभागी छन् ।

फिल्ममा कलाकारहरूले गर्ने भूमिकालाई सहज होस् भन्ने हिसाबले वर्कसप चलाइएको निर्माता जनक घर्ती मगरले बताए । उनले भने, 'कलाकारले आफ्नो भूमिका बुझेपछि सुटिङमा सहज हुन्छ । र, त्यसले छायाङ्कन समय र खर्च पनि कम हुने भएकाले हामीले वर्कसप थालेका हौं ।' उनका अनुसार आगामी माघको पहिलो साताबाट रोल्पामा फिल्मको छायांकन सुरु हुनेछ ।

अनिल बुढा मगरको निर्देशनमा बन्न लागेको यस फिल्ममा दयाहाङ राई, सौगात मल्ल, शिशिर वाङ्देल, अरुण पुन मगर, उत्तम राज पाण्डे, खड्क बहादुर पुन (खबपु) लगायतको पनि अभिनय रहनेछ । शिशिर शिशङ्खेले खिच्ने फिल्मको सम्पादन लोकश बज्राचार्यले गर्नेछन् । फिल्मलाई अर्को वर्षको जेठ १५ गते प्रदर्शन गर्ने तयारी गरिएको छ ।

# रोकिएन 'धुरन्धर'को आँधी, मुस्किल छैन ८ सय करोड



काठमाडौं/यतिबेला भारतमा मौसम चिसिँदो छ । तर, हलहरूमा भने एक्सन फिल्म 'धुरन्धर'ले गर्मी बढाएको छ । हलमा दर्शकको भीड र बक्स अफिसमा रेकर्ड टुट्ने क्रम लगातार जारी छ । प्रदर्शनको दिनदेखि असाधारण गतिमा कमाइ बढाइरहेको यो फिल्मले तीन सातामा एकसेएक चर्चित बलिउड फिल्मका रेकर्ड तोडिसकेको छ । अब फिल्म इतिहास रच्ने लक्ष्यमा छ ।

प्रदर्शनको दोस्रो साता सर्वाधिक कमाउने हिन्दी फिल्मको कीर्तिमान बनाएको यस फिल्मले तेस्रो साताको शनिबार अर्को रेकर्ड आफ्नो नाममा दर्ज गरेको छ । त्यो हो, तेस्रो शनिबार ३५ करोड बनाउने हिन्दी फिल्मको कीर्तिमान । योसँगै १६ दिनमा फिल्मको कुल व्यापार भारतमा ५३८ करोड ९० लाख नेट पुगेको छ । फिल्मको ओभरसिज कमाइ मात्र १७० करोड भारु छ ।

यो फिल्मको व्यापारिक रफ्तार हेर्दा ८ सय करोडको आँकडा पनि मुस्किल देखिँदैन । अहिलेसम्म बलिउडका तीन फिल्म 'जवान', 'स्त्री २', र 'छावा'ले मात्र ६ सय करोड पार गरेका छन् । यी तीन फिल्ममध्ये 'जवान'को ६४० करोड र 'पुष्पा २' (हिन्दी)को ८१२ करोडको आँकडालाई 'धुरन्धर'ले उछिनेको खण्डमा यो सर्वाधिक कमाउने हिन्दी फिल्म बन्नेछ ।

आदित्य धरको निर्देशनमा बनेको यस फिल्ममा रणवीर सिंह, आर माधवन, अक्षय खन्ना, सञ्जय दत्त, अर्जुन रामपाल लगायतको अभिनय रहेको छ । फिल्म रिलिज भएयता सर्वाधिक चर्चामा अक्षय छन् । उनको नृत्यदेखि अभिनयसम्म अत्याधिक रुचाइएको छ । उनकै कारण फिल्मको व्यापारमा समेत उछाल आइरहेको छ । यसमा ग्याङस्टरको लडाइँ र पुलिस अप्रेसनको कथा छ ।

# 'झरीपछिको इन्द्रेणी' हेरेपछि मन्त्री गुप्ता भन्छन्, 'फिल्मले ठूलो पाठ सिकाउँछ'

काठमाडौं/गत शुक्रबार बाट प्रदर्शनमा आएको फिल्म 'झरीपछिको इन्द्रेणी'ले बक्स अफिसमा अपेक्षित व्यापार गर्न नसकेको भए पनि दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छ । फिल्मको कथावस्तु र कलाकारको अभिनयको प्राय:ले प्रशंसा गरेका छन् । दर्शकबाट फिल्मलाई उत्कृष्ट 'वर्ड अफ माउथ' मिलेकाले विस्तारै व्यापारिक गति बढ्ने अपेक्षा गरिएको छ ।

प्रदर्शनको पहिलो दिन काठमाडौंको बिग मुभिजमा फिल्मको विशेष शो आयोजना गरिएको थियो, जहाँ युवा तथा खेलकुद मन्त्री बब्बु गुप्ता, काठमाडौं महानगरपालिकाका मेयर तथा र्‍यापर बालेन शाह, महानगर प्रहरी प्रमुख राजुनाथ पाण्डे, जेनजी अगुवा सुदन गुरुङ लगायतको उपस्थिति थियो । उनीहरू सबैले फिल्मले उठाएको विषयवस्तुको मुक्तकण्ठले प्रशंसा गरे ।

मन्त्री गुप्ताले हरेक मानिस इमानदार हुनुपर्छ भन्ने सन्देश फिल्मले दिने बताए । 'यो अनिवार्य रुपमा युवाले परिवारसहित हेर्नुपर्ने फिल्म हो,' उनले भने, 'इमानदारिता र नैतिकता नहुँदा मानिसको जीवन कस्तो हुन्छ भन्ने कुरा फिल्मले एकदमै राम्रोसँग देखाएको छ । हामी असल नागरिक बन्ने कि नबन्ने र आफ्नो जीवनमा इमानदारिता राख्ने कि नराख्ने भन्ने ठूलो पाठ फिल्मले सिकाउँछ ।'

युवाहरू विदेश पलायन र आम नेपालीको संघर्षपूर्ण जीवनलाई पनि फिल्मले मर्मस्पर्शी रुपमा देखाएको बताउँदै मन्त्री गुप्ताले कलाकारहरूमध्ये गणेश उप्रेतीले निभाएको इमानदार वडा सचिवको भूमिकाको प्रशंसा गरे । 'फिल्ममा मलाई सबैभन्दा मन परेको भूमिका चाहिँ वडा सचिवको हो । हामी त्यस्तै खालको इमानदार व्यक्ति हुनुपर्छ,' उनले भने । चर्चित हास्य कलाकार अर्जुन घिमिरे (पाँडे)को निर्देशनमा बनेको यस फिल्ममा गणेश उप्रेती, रमेश उप्रेती, प्रकाश घिमिरे, दीपाश्री निरौला, प्रियना आचार्य (मुन्नी), विमोचन दवाडी, जेसिका पोखरेल लगायतको अभिनय रहेको छ । फिल्मले सरकारी कार्यालयमा हुने भ्रष्टाचारलाई मुख्य कथावस्तु बनाउँदै एक इमानदार कर्मचारी र बाबुको संघर्षलाई पर्दामा उतारेको छ ।

### नयाँ गीत "जब फर्किन्छु घर" सार्वजनिक

फिल्म प्रदर्शनको तेस्रो दिन निर्माण पक्षले नयाँ गीत 'जब फर्किन्छु घर' सार्वजनिक गरेको छ । यस गीतमा मनोज थापा मगरको म्युजिक एरेञ्जमेन्ट र गणेश कार्कीको शब्द रचना तथा हेमन्त रानाको स्वर रहेको छ । फिल्मको कथावाचनलाई बलियो तुल्याउन महत्त्वपूर्ण भूमिका खेलेको यो गीतले सन्तानका लागि बाबुले गर्ने त्याग र संघर्षलाई उजागर गरेको छ ।

# तहसनहस प्रहरी संगठन लयमा फर्किंदै

काठमाडौं/गत २३ र २४ भदौको जेनजी आन्दोलनमा सबैभन्दा बढी क्षति बेहोर्ने संगठन हो, नेपाल प्रहरी । आन्दोलनका क्रममा फ्रन्टलाइनरको रूपमा खटिने प्रहरीमाथि आक्रमणदेखि कार्यालय जलाउने र तोडफोड गर्नेसम्मका घटना भए । आन्दोलनमा एक असई, सहायक हवल्दार र जवान गरी तीन जना प्रहरी मारिए । सँगै, ठूलो मात्रामा भौतिक क्षति भयो । काठमाडौं उपत्यकामा रहेका १८ वटा प्रहरी वृत्तमध्ये १७ वटा खरानी भए । उपत्यकामा मात्रै १५३ वटा प्रहरी कार्यालयमा आगजनी, तोडफोड र लुटपाट भयो ।

देशभर करिब ५०० प्रहरी कार्यालय आन्दोलनकारीको निसानामा परे । प्रहरीका सवारी साधनतर्फ पनि ठूलो क्षति भयो । सवारी साधनमा ५४ करोडको क्षति भयो । ४९४ सवारी साधन पूर्ण र ५७ आंशिक गरी कूल ५५१ सवारी साधनमा क्षति भयो । यो बाहेक प्रहरीका व्यक्तिगत सरसामान र सवारीमा पनि ठूलो क्षति भयो । ९८ हजार राउन्ड गोली गायब भए । प्रहरीका बर्दी लुटिए, हतियार खोसिए, कुटिए, मारिए, केहीले आत्मसमर्पण गरेर ज्यान बचाए ।

यी सबै घटनाक्रमले जेनजी आन्दोलनमा प्रहरी थिलोथिलो बनेको प्रष्ट हुन्छ । भौतिक क्षति एकातिर छ, अर्कोतिर यो घटनाले प्रहरीको मनोबलसमेत गिरेको थियो । कतिसम्म भने, बर्दी र बुट बिनै ट्राफिक प्रहरीले ड्युटी गर्नुपरेको थियो । यस्ता घटनाक्रमले आगामी दिनमा सुरक्षा चुनौती थपिनुका साथै प्रहरीले कसरी, कुन मनोबलले काम गर्छ भन्ने प्रश्न तेर्सिएको थियो । आम नागरिक त्रासको अवस्थामा थिए । घर-टोलमा लुटपाट, चोरी हुँदासमेत प्रहरी पुग्न सक्ने अवस्था थिएन ।

यिनै चुनौतीका बीच जेनजीले सुशीला कार्कीलाई प्रधानमन्त्री बनाए । गृहमन्त्रीको जिम्मेवारी ओमप्रकाश अर्याललाई दिइयो । त्यतिबेला सुरक्षा अवस्था नाजुक र चिन्ताजनक थियो । त्यसबेलाको घटनाबारे एक सुरक्षा प्रमुख सम्झन्छन्, '२३ गतेसम्म देशको आन्तरिक सुरक्षाको चुनौती थियो । तर २४ गतेको घटनापछि आन्तरिक चुनौतीसँगै बाह्य चुनौती पनि थपियो । व्यवस्था नै के हुने भन्नेसम्मको चुनौती थियो ।'

प्रहरीकै कमान्ड गर्ने तालुक गृह मन्त्रालयको मुख्य जिम्मेवारी नै भौतिक संरचनाको पुनर्निर्माणदेखि लत्ताकपडा, बन्दोबस्तीका सरसामान र हातहतियारयुक्त प्रहरी बनाउनुपर्ने थियो । यसमा जतिसक्दो चाँडो काम भएको देखिन्छ । त्यतिबेला ध्वंश बनाइएका प्रहरी कार्यालयहरू अहिले अधिकांशजसो सञ्चालनमा आएका छन् । धेरै प्रहरी कार्यालयहरू स्थानीय समुदायदेखि विभिन्न संघसंस्थाको सहयोगमा निर्माण भएका छन् । प्रहरीलाई सवारी साधनदेखि लत्ता कपडाहरू पनि सहयोग भएको छ । हरेकजसो आन्दोलनको पहिलो निशानामा प्रहरी संगठन पर्दै आए पनि त्यसपछिको उपलब्धि वा सम्झौतामा भने प्रहरीका समस्या गौण बन्ने गरेको गुनासो हुँदै आएका छन् ।

जेनजी आन्दोलनपछि जेनजी समूहदेखि नेकपा एमालेका कार्यकर्ताबीच हुनसक्ने झडपको अवस्थासमेत आएको थियो । तर यी घटनामा प्रहरीले निकै सुझबुझले काम गरेर त्यसलाई निराकरण गर्न सफल भयो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखकसहितका व्यक्तिविरुद्ध जिल्ला प्रहरी परिसर काठमाडौंमा उजुरी पर्‍यो । जेनजी अगुवाले जसरी पनि तत्कालै ओली-लेखकलाई पक्राउ गरेर कारबाही गर्नुपर्ने माग राखे । यसले प्रहरीमाथि प्रेसर पनि बढायो ।

अर्कोतर्फ, एमालेका कार्यकर्ताहरूले जेनजी अगुवा सुधन गुरुङदेखि काठमाडौंका मेयर बालेन शाहलगायत विरुद्ध जाहेरी दिए । जहाँ सुधन, बालेनलाई पक्राउ गरेर कारबाही गर्नुपर्ने माग राखियो । दुवैतर्फका काउन्टर जाहेरीले द्वन्द्वको अवस्था सिर्जना गरेको थियो । तर यो घटनामा प्रहरीले निकै सुझबुझ ढंगबाट हल गर्‍यो । दुवैतर्फका जाहेरीलाई तामेलीमा राखेपछि अवस्था साम्य भयो । यो घटनामा प्रहरी सफल भएको देखियो ।

सधैंजसो विवाद बन्ने प्रहरीको आईजी बढुवा भने यो पटक विवादरहित भयो । पहिलो बरियताका एआईजी दानबहादुर कार्कीलाई सरकारले आईजी बनाएपछि राजीनामा दिने, सर्वोच्च जानेसम्मको अवस्था यो पटक आएन । जेनजी आन्दोलन पछि पनि जेनजी र एमालेका कार्यकर्ताबीच नोकझोक र झडप हुने अवस्था थियो । त्यो अवस्था पनि निर्मूल पार्न प्रहरी सफल भयो ।

यसैबीचमा करिब एक महिनापछि कीर्तिपुरमा नेपाल प्रिमियर लिग सम्पन्न भयो । सुरक्षा त्रुटिबिनै लिग सफल भयो । यसले सुरक्षामा प्रहरी पुरानै अवस्थामा फर्केको भन्ने सन्देश दिन सफल भयो ।

### एनपीएल सुरक्षामा परिचालित प्रहरीहरू

७ मंसिरमा मेडिकल व्यवसायी दुर्गा प्रसाईंले देशभर आन्दोलन र हड्ताल गर्ने घोषणा गरेका थिए । सोहीअनुसार उनले प्रचारप्रसार र तयारी पनि गरेका थिए । पूर्ववर्ती सरकार तथा सुरक्षा संयन्त्रले यसअघि जेनजीले घोषणा गरेको आन्दोलनलाई नजरअन्दाज गर्दा ठूलो क्षति भएको थियो । सुरक्षा निकाय थिलथिलो भएको अवस्थामा प्रसाईं समूहले गरेको आन्दोलन घोषणा अर्को चुनौतीको रूपमा हेरिएको थियो । जसरी चन्द्रकुवेर खापुङले कमान्ड सम्हालेर खादामाला लगाउँदालगाउँदै जेनजीले आन्दोलन गरेका थिए, त्यस्तै परिस्थितिमा दानबहादुर कार्कीले आईजीपीको बधाई थाप्दै गर्दा प्रसाईंले आन्दोलनको दिन जुराएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स्
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पुसको तेस्रो साता बागमती प्रदेशसभा बोलाउने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/बागमती प्रदेशसभाको बैठक यही पुसको तेस्रो साता बोलाउने गरी प्रदेश सरकारले तयारी थालेको छ । प्रतिपक्षी दलले प्रदेशसभा बैठक बोलाउन दबाब दिएपछि प्रदेश सरकारले यही पुसको तेस्रो साता बस्ने गरी बैठक बोलाउने तयारीमा जुटेको हो ।

‘प्रदेशसभाको बैठक पुसको तेस्रो सातासम्ममा बस्ने गरी तयारी भइरहेको छ’, बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले भने, ‘जेनजी आन्दोलनका क्रममा तोडफोड र आगजनीबाट प्रदेशसभा हल क्षतिग्रस्त अवस्थामा छ, अहिलेका लागि अस्थायीरुपमा हेटौंडा उपमहानगरपालिका कार्यालय नजिकैको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभाहलबाटै बैठक सञ्चालन गर्ने तयारी गर्न कर्मचारीहरु जुट्नुभएको छ ।’ उनका अनुसार केही दिनभित्रै त्यहाँ फर्निचर, माइक जडान लगायतको काम सकिन्छ र त्यस लगत्तै बैठक बोलाउने तयारीमा सरकार छ ।



‘बैठकको तयारीका लागि उपसभामुखज्यू र प्रदेशसभाअन्तर्गतको विषयगत समितिका सभापतिज्यूहरु पनि छलफलमा जुट्नुभएको छ’, मुख्यमन्त्री बानियाँले भने, ‘उहाँहरुले विभिन्न दलका नेतासँग नियमति छलफल गरिरहनुभएको छ, हामीले पनि छिट्टै बैठक आह्वान गर्न प्रदेशप्रमुखज्यूलाई पत्राचार गर्छौं, त्यसपछि प्रदेशसभाको बैठक बस्छ’ उनको भनाइ छ । केही दिनअघि प्रदेश मामिला समितिको पहलमा उपसभामुख, विभिन्न समितिका सभापति र प्रदेशसभा सचिवालयका पदाधिकारीको संयुक्त बैठक बसेर तत्काल प्रदेशसभाको बैठक बोलाउन प्रदेश सरकारलाई आग्रह गरेको थियो ।

‘हाम्रो पहलमा बैठक बसेर प्रदेशसभाको बैठक अघि बढाउन सरकारलाई आग्रह गर्यौं’ प्रदेश मामिला समितिका सभापति छिरिङदोर्जे लामाले भने, ‘सरकारले पनि बैठक बोलाउन तयारी गरिरहेको आश्वासन दिएको छ, हेरौं छिट्टै प्रदेशसभाको बैठक बस्छ होला ।’ बागमती प्रदेशसभाका प्रतिनिधित्व गर्ने प्रतिपक्षी दलले तत्काल प्रदेशसभा अर्थात् हिउँदे अधिवेशन बोलाउन माग गर्दै आएका छन् । नबोलाइए नियमावलीअनुसार अघि बढ्ने उनीहरुले चेतावनी दिएका छन् ।

नेकपा (माओवादी केन्द्र), नेकपा एकीकृत समावादी पार्टी र हाम्रो नेपाली पार्टीले मुख्यमन्त्री बानियाँलाई भेटेर प्रदेशसभाको हिउँदे अधिवेशन तत्काल बोलाउन आग्रह गरेका थिए ।

बागमती प्रदेशको रिक्त सभामुख पदमा सत्तारुढ नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले दाबी गर्दै आएको छ । जेनजी आन्दोलनका क्रममा सामाजिक सञ्जालबाट राजीनामाको घोषणा गरेका बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले गत असोज १ गते लिखित राजीनामा दिएपछि सभामुख पदरिक्त भएको हो । रिक्त सभामुख पदमा सत्तारुढ दुवै पार्टीले दाबी गरेपछि विगत चार महिनादेखि बागमती प्रदेश सभाको बैठक बस्न सकेको छैन । सरकारको सिफारिसमा प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले यही मङ्सिर ३ गते रातिदेखि प्रदेशसभाको अधिवेशन अन्त्य गरेका थिए ।

तर, रिक्त सभामुख पदमा सत्तारुढ दुवै दलबीच सहमति नहुँदा सरकारले बैठक नबोलाएको हुनसक्ने अनुमान गरिएको छ । प्रदेशसभाको बैठक बोलाएको १५ दिनभित्र सभामुख चयन गर्नुपर्ने कानुनी व्यवस्था छ । त्यसैले सत्तारुढ दलबिच सभामुखमा सहमति नजुटेसम्म प्रदेशसभाको बैठक नबोलाउने रणनीतिमा सरकार छ ।

# सडक विस्तारविरुद्धको रिट हेर्न नभ्याइने




साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/हेटौंडाको सडक विस्तारविरुद्धको रिट आइतबार हेर्न नभ्याइनेमा परेको छ । आइतबार प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र न्यायाधीश टेकप्रसाद ढुंगानाको संयुक्त इजलासमा तोकिएको पेसी हेर्न नभ्याइनेमा परेको हो ।

राजमार्ग क्षेत्रको २५/२५ मिटर सडक कायम गर्नेगरी सडक विस्तारविरुद्ध विन्दवासिनी कंसाकारसहित ६ जनाले मंसिर १६ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । डिभिजन सडक कार्यालय हेटौंडा, हेटौंडा उपमहानगर पालिका, जिल्ला प्रशासन कार्यालय मकवानपुर, सडक विभाग, सहरी विकास मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई विपक्षी बनाइएको रिटमा मंसिर १९ मा न्यायाधीश मेघराज पोखरेलको इजलासले विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गर्दै अल्पकालीन अन्तरिम आदेश दिएको थियो ।

अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने विषयमा छलफलका लागि दुवै पक्षलाई बोलाइएको थियो । मंसिर २६ मा तोकिएको पेसीमा न्यायाधीश कुमार रेग्मी र महेश शर्मा पौडेलको इजलासले अन्य आदेश जारी गर्दै सोसँग सम्बन्धित मुद्दाको मिसिल झिकाउने र छलफल गर्ने गरी पुस २ मा पेसी तोकेको थियो । पुस २ मा न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र सुनिलकुमार पोखरेलको इजलासमा मुद्दाको पेसी तोकीए पनि हेर्न नमिल्ने सूचीमा परेको थियो ।

# ३ जना सचिवको सरुवा




साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/बागतमी प्रदेशमा कार्यरत ३ जना सचिवको सरुवा गरिएको छ भने ३ जनालाई प्रदेशमा खटाउने गरी पठाइएको छ ।

प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय हेटौंडा, वन तथा वातावरण मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा कार्यरत सचिवलाई सरुवा गरिएको हो । संघीय सरकारको मन्त्रिपरिषद् बैठकले ६० जना सहसचिव (प्रदेश सचिव)को सरुवा गरेको हो । सरुवामा बागमतीका ३ सचिव परेका छन् । जसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय हेटौंडामा कार्यरत रितेश शाक्य रहेका छन् । उनको राष्ट्रपति कार्यालयमा सरुवा गरिएको छ । उनी करिव १ वर्षदेखि उक्त जिम्मेवारीमा रहेका थिए ।

त्यस्तै प्रदेशको वन तथा वातावरण मन्त्रालयका सचिव केदार बरालको संघीय वन तथा वातावरण मन्त्रालय अन्तर्गतमा सरुवा गरिएको छ भने प्रदेश नीति तथा योजना आयोमा कार्यरत वीरेन्द्रदेव भारतीको भरतपुर महानगरपालिकामा सरुवा गरिएको छ । संघीय सरकारबाट ३ सचिवलाई बागमती प्रदेशमा खटाइएको छ । वन तथा वातावरण मन्त्रालयअन्तर्गत कार्यरत नवराज पुडासैनी, कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा कार्यरत जीवलाल भुषाल र लोकसेवा आयोगमा कार्यरत गीताकुमारी हुमागाईंलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा सरुवा गरिएको छ । उनीहरुको विभागीय जिम्मेवारी बागमती प्रदेशको मन्त्रिपरिषद् बैठकले तोक्नेछ ।

# कालिकामाईमा पुनः रामकृष्णको नेतृत्व



साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/कालिकामाई टोल विकास संस्थाको २१ औं साधारणसभा तथा अधिवेशन सम्पन्न भएको छ ।

टोल विकास संस्थाका अध्यक्ष रामकृष्णप्रसाद घिमिरेको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा नं. ८ का वडासदस्य गोरखनाथ राय प्रमुखअतिथिका रुपमा थिए ।

कार्यक्रममा सामाजिक विकास शाखाप्रबन्धक डा. भीमप्रसाद तिमिल्सिना विशेष अतिथि तथा नगर समन्वय समितिकी सचिव सुशिला मल्ल अतिथिका रुपमा सहभागी थिए । साधारणसभाका क्रममा शारीरिक अपाङ्गता भएका व्यक्ति, एसईई उत्तीर्ण विद्यार्थी तथा असल ऋणीलाई सम्मान गरिएको थियो । सम्मान कार्यक्रमले समुदायमा सकारात्मक ऊर्जा र प्रेरणा प्रदान गरेको सहभागीले बताएका छन् ।

अधिवेशनबाट पुनः पुरानै कार्यसमिति सर्वसम्मत चयन भएको छ । कार्यसमितिमा अध्यक्षमा रामकृष्ण घिमिरे, उपाध्यक्षमा शंकर सुवेदी, सचिवमा अर्चना कार्की, कोषाध्यक्षमा मोनिका खड्का तथा सहसचिवमा मनिरा अर्याल चयन भए । त्यसैगरी सदस्यमा विष्णुराज तिमिल्सिना, चन्द्रबहादुर श्रेष्ठ, अम्बिका दवाडी, भरत श्रेष्ठ, सरिता पाख्रिन र ज्ञानबहादुर बानियाँ चयन भएका छन् ।

# निर्मल माविले ५ दिनसम्म स्वर्ण महोत्सव मनाउने




साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/हेटौंडा उपमहानगरपालिका-१९ स्थित निर्मल माध्यमिक विद्यालयले ५० औं वार्षिकोत्सव एवम् स्वर्ण महोत्सव ५ दिनसम्म मनाउने भएको छ ।

आइतबार पत्रकार सम्मेलन गर्दै विद्यालयले पुस ८ गतेदेखि १२ गतेसम्म विभिन्न कार्यक्रमको आयोजना गरी स्वर्ण महोत्सव मनाउन लागेको जानकारी दिएको हो । विद्यालय गीत र डकुमेन्ट्री सार्वजनिक, स्मारकस्तम्भ अनावरण, निर्मल स्मारिका प्रकाशन, शिक्षक र विद्यार्थी प्रतियोगिता, स्वास्थ्य शिविर, रक्तदान, लोकदोहरी कार्यक्रमलगायत १६ वटा विविध गतिविधि हुने विद्यालयका प्रधानाध्यापक प्रबोध बिडारीले जानकारी दिएका छन् । महोत्सवको पहिलो दिन पुस ८ गते मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले उद्घाटन, स्तम्भ अनावरण, विद्यालय गीत र डकुमेन्ट्री सार्वजनिक गर्ने कार्यक्रम रहेको प्रधानाध्यापक बिडारीले बताए ।

समारोह सम्पन्न गर्न विद्यालयले ५० लाख खर्च लाग्ने अनुमान गरेको छ । स्वर्ण महोत्सव समापन पुस १२ गते बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्री डा.दिनेशचन्द्र देवकोटाले गर्नेछन् । पूर्वविद्यार्थीबाट २५ लाख, १९ नं. वडाबाट ५ लाख, मनहरी गाउँपालिकाबाट २ लाख सहयोग प्राप्त भएको र हेटौंडा उपमहानगर पालिकाबाट ५ लाख प्राप्त हुने उनले बताए ।

विद्यालयले २० लाखको अक्षयकोष स्थापना गर्ने तयारी गरेको बिडारीले जानकारी दिए । प्रधानाध्यापक बिडारीका अनुसार महोत्सवको लागि काठमाडौंका ५ वटा नगरपालिकाको पनि सहयोग रहेको छ ।

पत्रकार सम्मेलनमा हेटौंडा-१९ का वडाअध्यक्ष नरनाथ सुवेदी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अमृत ओली, पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्णसारु मगर, जिल्ला अध्यक्ष बालकृष्ण अधिकारी लगायतको उपस्थिति रहेको थियो । विद्यालयमा हाल १ हजार ३ सय विद्यार्थी अध्ययनरत् छन् ।

प्रधानाध्यापक बिडारी मकवानपुर जिल्लाको सामुदायिक माविका बहालबाला प्रधानाध्यापकमध्ये सबैभन्दा लामो समय एउटै विद्यालयमा प्रअको जिम्मेवारीमा बसिरहेका छन् । दुइदसक भन्दा बढी समय एउटै विद्यालयमा प्रअको जिम्मेवारीमा रहेका बहालवाला प्रधानाध्यापक मकवानपुरमा बिडारी बाहेक कोही नभएको बताइएको छ ।

# एमसीसीको ठेक्का पहिलोपटक पूर्ण नेपाली कम्पनीले पायो

काठमाडौं/मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी)को अनुदानमा निर्माण हुने विभिन्न परियोजनामध्ये सडक सुधार परियोजनाको ठेक्का सम्पूर्ण रुपमा नेपाली कम्पनीले पाएको छ । एमसीसी अनुदानमा निर्माण हुने ४० किलोमिटर लामो धानखोला-लमही सडक रिसाइक्लिङ परियोजनाको ठेक्का ग्लोबल टेन्डरमार्फतर शर्मा-कुमार जेभीले जितेको हो । एमसीए-नेपालले एमसीसीको अनुदान र नेपाल सरकारको लगानीसमेतमा कार्यान्वयनमा प्रसारणलाइन, सबस्टेसन तथा सडक सुधारका योजना कार्यान्वयन गरिरहेको छ । त्यसमध्ये सबस्टेसन र प्रसारण लाइनका ठेक्का यसअघि नै लागिसकेका थिए ।

नेपालमा पहिलोपटक पाइलटका रुपमा निर्माण गर्न लागिएको फुलडेप्थ रिक्लेमेसन एन्ड सुपरपेव अस्फास्ट प्रविधिमा आधारित सो सडकको ठेक्कामा सोमवार हस्ताक्षर हुँदैछ । यो सडक निर्माणका लागि सन् २०२४ को अक्टोबरमै बोलपत्र आह्वान भएको थियो । त्यसमा ११ वटा निर्माण कम्पनीले प्रस्ताव हालेकोमा शर्मा-कुमार जेभीले सो परियोजनाको ठेक्का हात पारेको हो ।

शर्मा कन्स्ट्रक्सन र कुमार निर्माण सेवा प्रालिको संयुक्त लगानीको शर्मा-कुमार जेभी एमसीसीले कार्यान्वयन गरिरहेका परियोजनामध्ये निर्माणको ठेक्का पाएको पहिलो पूर्ण नेपाली संयुक्त उपक्रम हो । यसअघि प्रसारण लाइन परियोजनामा पनि विदेशी कम्पनीसँगको जेभीमा नेपाली कम्पनीहरू छनोट भए पनि पूर्ण रुपमा नेपाली कम्पनीमात्रै संलग्नले टेन्डर हात पारेको भने यो पहिलो भएको सरकारी स्रोतले संचारकर्मीलाई बतायो ।

शर्मा-कुमार जेभीले यो ठेक्का भ्याटबाहेक २ करोड ८ लाख अमेरिकी डलर (करिब ३ अर्ब रुपैयाँ)मा हात पारेको हो । यो सडक निर्माणका लागि नेपालसहित भारत तथा युक्रेनका कम्पनीले पनि प्रतिस्पर्धा गरेका थिए । त्यसमध्ये शर्मा-कुमार जेभी, कालिका कन्स्ट्रक्सन, तुँदी-आशिश जेभी र स्वच्छन्द-रमन जेभी गरी चारवटा कम्पनीहरू पूर्ण नेपालीको स्वामित्वका थिए । त्यसबाहेक अन्य केही नेपाली कम्पनीले भारतीय र युक्रेनियन कम्पनीसँगको संयुक्त लगानीमा पनि प्रतिस्पर्धा गरेका थिए । ११ कम्पनीमध्ये प्राविधिक र वित्तीय रुपमा भएको मूल्यांकनमा शर्मा-कुमार यो कामका लागि छनोट भएको हो । नेपालमै पहिलोपटक प्रयोग गर्न लागिएको फुलडेप्थ रिक्लेमेसन एन्ड सुपरपेव अस्फास्ट प्रविधिमा आधारित ठेक्का नेपाली कम्पनीले नै पाउनु महत्त्वपूर्ण भएको अर्थ मन्त्रालय स्रोतले बतायो ।

अमेरिकी सहयोग नियोग एमसीसीको ५५ करोड डलर र नेपाल सरकारको १९ करोड ७० लाख योगदानमा ऊर्जा तथा सडक पूर्वाधार निर्माणको काम भइरहेको छ । सुरुमा एमसीसीले नेपालको प्रसारण लाइन, सबस्टेसन तथा सडक सुधार आयोजनाका लागि भन्दै ५० करोड डलर अनुदान दिने गरी नेपाल र अमेरिकाबीच सम्झौता (कम्प्याक्ट) मा हस्ताक्षर भएको थियो । त्यसमा नेपाल सरकारले १३ करोड डलर योगदान गर्ने उल्लेख थियो । एमसीसीको सहयोगमा बन्ने परियोजनाका लागि त्यति रकम अपुग हुने भएपछि नेपालले आफ्नो योगदान बढाएर १९ करोड ७० लाख डलर पुर्‍याएको छ ।

त्यति रकमले पनि प्रसारण लाइन परियोजना लागत अनुसार अपुग हुने भएपछि गत जनवरी २ मा एमसीसीको बोर्डले नेपाललाई थप ५ करोड डलर दिने भनेर निर्णय गरेको थियो । त्यसबारे उसले अमेरिकी कंग्रेसलाई पनि जानकारी गराएको थियो । तर, डोनाल्ड ट्रम्पले राष्ट्रपतिको कार्यभार सम्हालेपछि एमसीसीको सहयोगको पनि पुनर्मूल्यांकन चलेको थियो । त्यस क्रममा साउनको दोस्रो साता अमेरिकाले नेपालमा एमसीसीले कार्यान्वयन गरेका परियोजना र ५० करोड अनुदान निरन्तर हुने जानकारी गराए पनि ५ करोड डलर बारे भने उल्लेख गरेको थिएन ।

गत मंसिर ३ गते नेपालस्थित अमेरिकी दूतावासले विज्ञप्ति जारी गर्दै थप ५ करोड डलर पनि नेपालले प्राप्त गर्ने जनाएको थियो । नेपालमा एससीसीका अनुदानमा बन्ने परियोजनामध्ये तीन वटा सबस्टेसन तथा ३१५ किलोमिटर प्रसारण लाइनको ठेक्का लागिसकेको छ । न्यु बुटवल सबस्टेसनदेखि भारतीय सीमासम्मको १८ किलोमिटर प्रसारण लाइन निर्माण समेत आरम्भ भइसकेको छ ।

एमसीसीको अनुदानमा तनहुँको दमौली, नुवाकोट रातमाटे सबस्टेसन र नवलपरासीमा ४०० केभी क्षमताको सबस्टेसन निर्माण हुँदै छ । त्यसबाहेक चारवटा खण्डमा विभाजन गरी ३१५ क्लिोमिटर प्रसारण लाइन पनि निर्माण हुँदै छ । ५ वर्षमा निर्माण सम्पन्न हुनैपर्ने, नभए अमेरिकी अनुदान फिर्ता जाने प्रकृतिको एमसीए परियोजना १३ भदौ २०८० बाट कार्यान्वयनमा गएको थियो ।

*(स्रोत:अनलाइनखबर)*


## व्यक्तिगत घटना दर्ता सम्बन्धी सूचना

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं र गराऔं।

जन्म दर्ता किन गर्ने ?




हेटौंडा उपमहानगरपालिका
८ नं. वडा कार्यालय
हेटौंडा, कमाने, मकवानपुर



## हार्दिक बधाई तथा शुभकामना



हाम्रो टेम्पो तथा मझौला यातायात व्यवसायी संघका कोषाध्यक्ष एवम् सार्वजनिक मकवानपुर यातायात प्रा.लि.का संचालक **श्री राज कुमार थापा क्षेत्री** मिति २०८२/९/५ गते सम्पन्न साइराम बचत तथा ऋण सहकारी संस्थाको १७ औं वार्षिक साधारण सभाबाट उपाध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनु भएकोमा उहाँलगायत सम्पूर्ण कार्यसमिति परिवारप्रति सफल कार्यकालको शुभकामना सहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।

ज्ञानेन्द्र बहादुर कार्की (अध्यक्ष) एवम्
**टेम्पो तथा मझौला यातायात व्यवसायी स.घ**
**सार्वजनिक मकवानपुर यातायात प्रा.लि.**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना